# नेपालको पहिलो साहित्यिक संस्था : नेपाली साहित्य परिषद्को स्थापना, आरोह-अवरोह र अवसान

**लोकरञ्जन पराजुली**

दोस्रो विश्वयुद्धको समाप्ति सँगसँगै वैश्विक राजनीतिमा परिवर्तनको लहर शुरू भयो । यो (पहिलो) स्वतन्त्रताको लहर, प्रजातन्त्रको लहरबाट दक्षिण एशिया अछुतो रहेन । छिमेकी मुलुकहरूमा ठूला स्वतन्त्रता आन्दोलन भए, र ती औपनिवेशिक शक्तिहरूबाट मुक्त भए; स्वातन्त्र्य हासिल गरे । तिनै आन्दोलनका बाछिटा नेपालभित्र समेत छिरे । एकतिर, नेपालमा आन्तरिक सत्ता परिवर्तन भयो—जुद्ध शमशेरको ठाउँमा पद्म शमशेर प्रधानमन्त्री बने (यद्यपि, यो सत्ता परिवर्तनसँग अन्तर्राष्ट्रिय राजनीतिको खासै साइनो थिएन) । अर्कोतिर, नेपालभित्र र नेपाली सरहदबाहिर रहेका नेपालीहरू पनि आफ्नो मुलुकलाई राणाहरूको चंगुलबाट मुक्त गराउन जुर्मुराउन थाले; संगठित हुन थाले (पराजुली सन् २०२३क) ।

जुद्धलाई प्रतिस्थापन गर्दै २००२ सालको मंसिरदेखि शासन-सत्ता सम्हालेका पद्म शमशेर आफ्ना पूर्ववर्तीभन्दा अलि भिन्न थिए । छिमेकमा र विश्वभर देखिएको परिवर्तनको बहावलाई पर्गेल्न सक्ने थिए उनी । परिस्थितिको तकाजालाई मनन गर्दै उनले मुलुकभित्र थोरै खुलापन ल्याए । नियन्त्रित र क्रमिक परिवर्तनले आफूहरूको शासन-सत्ता लम्बिने उनको ठम्याइ देखिन्छ (पराजुली सन् २०२३ख) । त्यसैले, उनी आएपछि शैक्षिक, राजनीतिक, सामाजिक क्षेत्रमा थोर-बहुत नीतिगत परिवर्तन देखिए । उनको उदारवादी “जेस्चर” का कारण उपलब्ध “स्पेस” को फाइदा उठाउँदै नागरिकहरूले पनि आ-आफ्ना व्यक्तिगत र सामूहिक परियोजना (विद्यालय, पुस्तकालय, आदि) अगाडि बढाए ।

नेपालमा वि.सं. १९७० को दशकमै सत्याचरण मलामी गुठी (स्था. १९७६) र आर्यसमाजी संगठन एवं वि.सं. १९८० को दशकमा श्रीचन्द्रकामधेनु चर्खा प्रचारक महागुठी (स्था. १९८२), बेकार सहायता संस्था (हेर्नुहोस्, कोइराला २०६१), तथा वि.सं. १९९० को दशकमा भूकम्प पीडितोद्धार समिति (स्था. १९९०), महावीर इन्स्टिच्यूट (स्था. १९९३), नागरिक अधिकार समिति (स्था. १९९४), आदि “सामाजिक” संस्था खुलेका थिए (प्रधान २०४७; उप्रेती सन् १९९२) । साथै, प्रचण्ड गोरखा (स्था. १९८८), नेपाल प्रजापरिषद् (स्था. १९९३) जस्ता “राजनीतिक” संस्था पनि गुप्त रूपमा संघटित गरिए

(गौतम २०४६, २०५७; उपाध्याय २०५४ख) । यीसँगै नेपालमा नयाँ खालका सांगठनिक जीवनको आरम्भ भयो । गुठी जस्ता पारम्परिक संस्थाभन्दा यी संस्था या संगठनहरू अलि भिन्न थिए : पारम्परिक संस्थामा एउटै कुल, जात या समुदायका मानिस सदस्य हुन्थे । र, नेतृत्व पनि उमेरमा वरिष्ठहरूले गर्थे । नयाँ खाले संस्थाका सदस्यहरू कुल-घरानाभन्दा परका पनि हुन्थे, र तिनले बृहत्तर समाजको केही पक्षको उन्नति गर्ने ध्येय राख्थे । यी संस्था, गुप्ती तवरमा खुलेका राजनीतिक पार्टीका स्थानीय समितिहरू र सामुदायिक स्कूल सञ्चालन/व्यवस्थापन समिति आदिलाई हामी नेपालको नागरिक समाजको प्रारूप भन्न सक्छौँ (पराजुली सन् २००९) । केही जुझारु र परिवर्तनकामी युवाहरूको त्यस्तै अर्को एक सामूहिक परियोजना थियो—साहित्यिक संस्था "नेपाली साहित्य परिषद्" को गठन (स्था. २००४), जुन प्रारम्भिक नेपाली नागरिक समाजको एउटा अवयव बन्यो ।

नेपालको यो पहिलो साहित्यिक संस्थाको लिखित मूल ध्येय कम्तिमा एउटा मासिक पत्र—*साहित्य-स्रोत*—सञ्चालन गर्ने, नियमित कवि (साहित्य) सम्मेलन आयोजन गर्ने र साहित्य-पुरस्कार सञ्चालन गर्ने थियो । त्यसबाहेक, भविष्यमा संस्थाले प्रकाशन गृहको रूपमा पनि आफूलाई उभ्याउने उद्देश्य राखेको थियो । तर, विविध कारणवश यो संस्था धेरै समय जीवित रहेन । राणाकालको अन्तिमतिर स्थापित र छिट्टै बिलुप्त भएको यो संस्थाबारे विभिन्न व्यक्तिले विभिन्न ठाउँमा थोरबहुत लेखेका (उदाहरणका लागि बन्धु २०४६; शर्मा २०४८क; उपाध्याय २०५४ख; रेग्मी २०६३; पराजुली सन् २०२३ख, सन् २०२४ हेर्नुहोस्), वा स्मरण वा सामान्य उल्लेख गरेका छन् (कपिल २००६; एम्.ए. २०५५; कृष्णचन्द्रसिंह प्रधान २०५५; व्यथित २०५५; थापा २०६०; राणा २०७१; तिवारी २०७९ आदि) । तथापि, यो संस्थाबारे अभिलेखमा आधारित रहेको र अलि विस्तृत अध्ययन देखिएको छैन । त्यसैले, यो संस्थाको स्थापना, उद्देश्य र गतिविधि, यसका मुख्य कर्ता र तिनको सामाजिक-राजनीतिक पूँजी लगायत संलग्नताको गुरुत्वबारे हामीलाई थाहा छैन । अझ, मुख्य रूपमा, यो संस्था—साहित्य परिषद्—नै किन आवश्यक भयो भन्ने पनि थाहा हुन्न । न त्यत्रो तामझाम गरेर स्थापना गरिएको र राणा शासकले स्वीकृति र सहायता (चन्दा) दिएको संस्था किन लामो समय चल्न-बाँच्न सकेन, त्यो नै थाहा लाग्छ ।

यो आलेखमा नेपालको सोही पहिलो (तर अल्पवयी) गैरसरकारी साहित्यिक संस्थाको इतिहास केलाइएको छ । र, सो क्रममा माथि उल्लिखित प्रश्नहरूको जवाफ पनि खोज्ने यत्न भएको छ । अर्थात्, प्रारम्भिक नेपाली नागरिक समाजको एउटा अवयव भएको साहित्य परिषद्को स्थापनासँग गाँसिएका मूल खेलाडी र तिनका राजनीतिक अभिष्ट एवं राजनीति, तात्कालिक राजनीतिक सन्दर्भ र संस्थाको असफलताको कारणलाई पर्गेल्ने प्रयास यो आलेखमा गरिएको छ । राणाकालको अन्तिम समयमा यो संस्था स्थापना हुनुका पछाडि शासक वर्ग र अभियन्ताहरूको दुवैको स्वार्थ मिल्न जानु मुख्य कारण हो भन्ने

यो लेखको तर्क छ । खास गरी नेपालमा नागरिक अधिकार तथा राजनीतिक स्वतन्त्रता नभएको भन्ने जुन भाष्य तात्कालिक समयमा राणाविरोधीहरूका कारण व्याप्त थियो, त्यसलाई परास्त गर्न शासक वर्गलाई साहित्य परिषद् जस्तो गैरराजनीतिक संस्थाले मद्दत गर्दथ्यो । अर्कोतर्फ, सीमित स्वतन्त्रतालाई प्रयोग गर्दै नागरिक अभियन्ताहरू सार्वजनिक हित सम्बन्धी आफ्ना सामूहिक परियोजनाहरू अगाडि बढाउँदै सार्वजनिक वृत्त विस्तार गर्न उद्यत थिए । यही क्रममा उनीहरूले साहित्यिक संस्था स्थापना गर्ने प्रस्ताव गरे, र सो प्रस्तावलाई प्रधानमन्त्री पद्म शमशेरले संस्थाको चौहद्दी तोकेर (राजनीतिक र धार्मिक गतिविधि निषेध गरी) स्वीकृति दिए । उनले संस्था सञ्चालनका लागि प्रारम्भिक आर्थिक सहयोग समेत गरे । तर, राज्यसत्तामा पद्मको पकड कमजोर हुँदै गयो । अनि अर्कोतर्फ, सामाजिक रूपमा सचेत र परिवर्तनको हुटहुटी बोकेका अभियन्ताहरू तात्कालिक बदलिँदो वैश्विक-राजनीतिक परिवेशको रापतापबाट अभिप्रेरित हुँदै प्रत्यक्ष राजनीतिक गतिविधिमा सामेल हुन पुगे; केही त भारततिर पलायन समेत भए । फलतः संस्था असमय मुर्झायो ।

लेखको आरम्भमा संस्था गठनको परिवेश तथा संस्थाका उद्देश्यहरूको चर्चा गरिएको छ । त्यसपछिको खण्डमा संस्थाको उद्घाटन समारोह र संस्थाले आयोजना गरेको कवि सम्मेलनको चर्चा गरिएको छ । मूल नेतृत्वको पलायन, राजनीतिक सत्ता परिवर्तन र परिषद्मा लागेको ग्रहणबारेको चर्चा अर्को खण्डमा छ । संस्थाले स्थापना गर्न खोजेको नेपालकै पहिलो गैरसरकारी पुरस्कार—जुन अन्ततः स्थापना नभइकनै तुहियो—को चर्चा त्यसपछिको खण्डमा गरिएको छ । अन्त्यमा छोटो निष्कर्ष खण्ड छ । संस्थाको प्रकाशन—*साहित्य-स्रोत*, जसका जम्मा नौ अंक प्रकाशित भए—का अन्तर्वस्तु भने यो आलेखमा केलाइएको छैन ।

यो ऐतिहासिक अन्वेषणात्मक आलेख तात्कालिक समयमा प्रकाशित विभिन्न सामग्रीहरूमा आधारित छ । *गोरखापत्र*का विभिन्न अंकमा नेपाली साहित्य परिषद्को गठन/उद्घाटन तथा त्यसका विविध गतिविधिको रिपोर्टिङ गरिएको छ । त्यस्तै, परिषद्कै प्रकाशन *साहित्य-स्रोत*का विभिन्न अंकमा पनि संस्थाका कार्यक्रम र अन्य जानकारी उपलब्ध छन् । तात्कालिक समयका *शारदा, जागरण, उदय, उद्योग*, आदि म्यागेजिनमा परिषद् सम्बन्धी केही सामग्री छन् । तीमध्ये उपलब्ध भएसम्मका सामग्री यो लेख तयार गर्ने क्रममा प्रयोग भएका छन् । साथै, संस्था र त्यसका गतिविधिबारे अन्य व्यक्तिले लेखेका सामग्री, संस्थाका मूल कर्ता (एक्टर) हरूका जीवनी, स्मृतिग्रन्थ इत्यादि पनि अनुसन्धानक्रममा उपयोग गरिएको छ ।

## साहित्य परिषद्को स्थापनाको पृष्ठभूमि, घोषित उद्देश्य र मूल कर्ताहरू

नेपालभित्र परिषद् जस्तो संस्था खोलिनुअघि नै विभिन्न कारणले प्रवासमा रहेका नेपालीहरूले उहिल्यै (वि.सं. १९८१ ताका) दार्जिलिङमा नेपाली साहित्य सम्मेलन नामक

संस्था खोली *नेपाली साहित्य सम्मेलन पत्रिका* र अन्य पुस्तक/पाठ्यपुस्तक प्रकाशन गर्दै आइरहेका थिए। यो र यस्तै अन्य संस्था गठन गर्दै र विभिन्न प्रकाशनहरू मार्फत नेपाली जाति, भाषा र साहित्यको जगेर्ना र उत्थानमा उनीहरू लागिपरेका थिए; सार्वजनिक वृत्तलाई विस्तार गरिरहेका थिए (प्रधान सन् १९८२; वन्त सन् १९९६; चाल्मर्स सन् २००४)। सीमापारि भइरहेका यी गतिविधिप्रति सीमावारि रहेका नेपाली युवाहरू पनि जानकार थिए। आफ्नै गाउँ-शहरमा त्यस्तै गतिविधि गर्न पाए हुन्थ्यो भन्ने उनीहरूले ठान्थे। तर, राणाकाल थियो—भाषा, साहित्य वा ज्ञानकै काम गर्दा पनि अन्यथा अर्थ लाग्ने हो कि, पक्राउ परिने हो कि भन्ने डरले उनीहरूमा घर गरेको थियो।

नगरोस् पनि कसरी ? चन्द्र शमशेरका पाला (वि.सं. १९७७) मा *मकैको खेती* नाउँको कृषि-पुस्तक लेखेका कृष्णलाल अधिकारीले पुस्तकमा परेका केही बिम्बका कारण कैदी जीवन बिताउन, र अन्ततः कालकोठरीमै ज्यान गुमाउनु परेको थियो (पराजुली सन् २००६क; घिमिरे २०६८)। यद्यपि, सरकारी निकायबाट जाँचपास गराएरै सो पुस्तक प्रकाशन गरिएको थियो। त्यस्तै, भीम शमशेर प्रधानमन्त्री भएपछि उनले मुलुकको उत्थानका लागि भन्दै रैतीजनसँग सुधारका सुझाव मागेका थिए। केही उत्साही युवाले "सरस्वती सार्वजनिक पुस्तकालय" खोल्न (वि.सं. १९८७ मा) "विन्तीपत्र" दिए। अनुमति दिनु त परैको कुरा भयो; निवेदनमा हस्ताक्षर गर्नेहरू पक्राउ परे। उनीहरूलाई "गाथगादी ताक्न खोजेको" आरोप लगाइयो, केही जेल परे, कतिपय आइन्दा "जनहितको कुनै पनि काम नगर्ने" सहीछाप गरेर जनही १०० रुपियाँ दण्ड-सजाय तिरेर मुक्त भए (पराजुली सन् २००६क : ५)। यसरी पक्राउ पर्ने करिब ४ दर्जन युवामध्ये कवि लक्ष्मीप्रसाद देवकोटा पनि एक थिए, जो पछि साहित्य परिषद्को संस्थापक समेत बने। यी केही प्रतिनिधि घटना मात्र हुन्।

यस्तो परिस्थितिमा साहित्य-उत्थानै सही, सामूहिक कर्म गर्न खोज्नु जोखिमपूर्ण थियो। यद्यपि, जोखिम मोलेरै भए पनि राजनीतिक र सामाजिक काममा लाग्न कतिपय युवा प्रयत्नरत थिए। २००३ सालको अन्तिमतिर पुग्दै गर्दा छिमेकमा नेपालीहरू संगठित भएर राजनीतिक दल निर्माण गरिसकेका थिए। तिनको अगुवाइमा विराटनगरमा मजदूर आन्दोलन भैसकेको थियो। काठमाडौँमै पनि नागरिक अधिकारहरू (वाक् तथा प्रकाशन स्वतन्त्रता, संगठित हुन पाउने स्वतन्त्रता, आदि) माग गर्दै विभिन्न खाले नवीन सामाजिक, राजनीतिक गतिविधि हुन थालिसकेका थिए। यसरी नेपालको सरहदभित्रै पनि प्रारम्भिक नागरिक समाजका संस्थाहरू संघटित हुने र तिनका गतिविधि फैलने क्रममा थिए। त्यस्ता गतिविधिलाई "राजनीतिक" ठहऱ्याउँदै तिनमा संलग्न भएबापत सामाजिक-राजनीतिक कार्यकर्ताहरू पक्राउ परेका थिए। सँगसँगै, खास गरी नागरिक अधिकारको र बन्दी राजनीतिक आन्दोलनकारीहरूको मुक्तिको माग गर्दै २००४ सालको प्रारम्भदेखि सत्याग्रह शुरू हुँदै थियो (प्रधान २०४७; उप्रेती सन् १९९२; बस्नेत २०६६क; पराजुली सन् २०२३क)।

यो सामाजिक-राजनीतिक पृष्ठभूमिमा २००३ को चैतमा "साहित्याकाशका तारा कवि लक्ष्मीप्रसाद [देवकोटा], कवि सिद्धिचरण [श्रेष्ठ], नाटककार गोपाल प्रसाद [रिमाल], कहानी लेखक विजयबहादुर [मल्ल], निबन्धकार हृदयचन्द्रसिंह [प्रधान], झ्याउरे गीतिकाव्यका लेखक हृदयराज [काव्यतीर्थ]" र केदारमान व्यथित जम्मा "७ जवान" ले मिलेर शिक्षा-साहित्य-प्रकाशन इत्यादि क्षेत्र हेर्ने तालुकवाला राणा जनरल मृगेन्द्र शमशेर (डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्शन्स) मार्फत प्रधानमन्त्री पद्म शमशेर कहाँ "नेपाली साहित्य परिषद्" नाउँको संस्था गठन गर्ने अनुमति माग्दै विन्तीपत्र चढाए (साहित्य-स्रोत २००४क : ४०) । प्रत्यूत्तरमा "कुनै धर्म र राजनीतिमा बाधा" गर्न नपाउने गरी संस्था सञ्चालन गर्न "अलि उदारवादी" देखिएका पद्म शमशेरले स्वीकृति दिए (गोरखापत्र २००४क : ४) । र, नेपालको पहिलो गैरसरकारी साहित्यिक संस्था जन्म्यो ।[1] स्मरणीय छ, यो संस्थालाई अनुमति दिएकै बेलातिर (२००४ सालको प्रारम्भमा) पद्म शमशेरले नेपालमा वैधानिक सुधार गर्ने घोषणा गरेका थिए—खास गरी विभिन्न शैक्षिक (उदाहरण, जयतु संस्कृतम् आन्दोलन), राजनीतिक गतिविधि वा आन्दोलनका माग सम्बोधन गर्दै (पराजुली सन् २०२३क) । गैरसरकारी तवरमा साहित्यिक संस्था स्थापनाको अनुमति दिँदा त्यसले मुलुकभित्र गैरराजनीतिक वृत्तमा सांगठनिक गतिविधि गर्ने अवसर भएको देखाउने एउटा उदाहरण शासक वर्गलाई उपलब्ध गराउँथ्यो ।

लक्ष्मीप्रसाद, केदारमान र हृदयचन्द्रसिंह तीन जवानका नाउँमा २००३ को चैतको अन्तिम साता दिइएको सो अनुमति-पत्रमा परिषद्को सञ्चालन विधि र उसले गर्न पाउने गतिविधिहरूको फेहरिस्त समेत सामेल थियो (हेर्नुहोस्, अनुसूची १) ।[2] सरकारी अनुमति पाउने यो पहिलो साहित्यिक गैरसरकारी संस्था नेपाली साहित्य परिषद्को प्रमुख उद्देश्य

[1] नेपालमा यसअघि नै सरकारी तवरबाट वि.सं. १९७० मा गोरखा (पछि नेपाली) भाषा प्रकाशिनी समिति खोलिएको थियो (ज.ब.रा. २००४ : ३८), जसले विभिन्न साहित्यिक र गैरसाहित्यिक रचना प्रकाशन गर्नुका अतिरिक्त "सेन्सर-बोर्ड" को समेत काम गरेको थियो । त्यस बाहेक भाषानुवाद परिषद् नाउँको अर्को संस्था पनि सरकारी तवरमै खोलिएको थियो ।

[2] वैशाख ३, २००४ को *गोरखापत्र*मा प्रकाशित यो अनुमति-पत्रको अन्तमा २००३ चैत -- गते रोज -- शुभम् लेखिएको छ । यसले चैतको कुनै दिन यो अनुमति मिलेको बुझिन्छ । यो पत्र वैशाखको प्रारम्भमा प्रकाशित भएकाले चैतको अन्तिम साता यस्तो अनुमति दिइयो होला भन्ने अनुमान हुन्छ । पत्रको उतार अनुसूची १ मा दिइएको छ । संस्थाको क्षेत्राधिकार वा आजकालको भाषामा टीओआर (टर्म्स अफ रेफरेन्स) को मस्यौदा स्वयं निवेदकहरूले तयार गरेर बुझाएको, त्यसमा शासक वर्गबाट थपघट गरिएको वा शासकवर्गले नै तयार गरिदिएको हो, थाहा हुन्न । तथापि, अनुमति-पत्रमा रहेका बुँदाका विवरण केलाउँदा संस्थाका परिकल्पनाकारहरूले नै मस्यौदा तयार गरेको, र त्यसमा शासक वर्गले थपघट गरेको अनुमान गर्न सकिन्छ ।

"नेपाली संस्कृतिको जगमा नेपाली साहित्यलाई विश्व-साहित्यको दाँजोमा पुऱ्याउने" थियो । यसको सञ्चालनको मुख्य आधार सरकारी सहयोग होइन कि सर्वसाधारण वा शुभेच्छुकको "चन्दा" हुने कुरा अनुमति-पत्रको तेस्रो बुँदामा प्रस्ट भनिएको थियो (गोरखापत्र २००४क : ४) ।

उक्त २४ बुँदे अनुमति-पत्रमा परिषद्का अन्य उद्देश्यमा *साहित्य-स्रोत* नामक मासिक पत्रिका प्रकाशन गर्ने, साहित्य सम्मेलन गर्ने र वर्षभरि छापिएकामध्ये उत्कृष्ट पुस्तकलाई पुरस्कार प्रदान गर्ने उल्लेख थिए (हेर्नुहोस्, अनुसूची १) । यी बाहेक, साहित्यकारहरूको पुस्तक प्रकाशन गरेर तिनको सुक्री-बिक्री गर्ने निकायको रूपमा पनि परिषद्ले आफूलाई उभ्याउन खोजेको थियो । लेखकलाई दिने लेखकस्वको हिस्सा के-कति हुने जस्ता मिहिन विवरण समेत सो पत्रमा उल्लेख छ । त्यस्तै, संस्था अलि बलियो भएपछि उसले *साहित्य-स्रोत*का अतिरिक्त अन्यन्य पत्रिका पनि प्रकाशन गर्ने लक्ष्य लिएको थियो । पुरस्कारका हकमा परिषद्ले प्रारम्भमा गद्य र पद्य सम्बन्धी पुस्तकलाई पालैपालो पुरस्कार दिने र पछि विधागत हिसाबले पुरस्कार दिने सोचेको देखिन्छ । यसै गरी, कवि सम्मेलनमा प्रस्तुत हुने सामग्रीलाई पनि विधागत हिसाबले पुरस्कार दिने उसले उद्देश्य राखेको थियो । नाउँ कवि सम्मेलन भनिए पनि उसले साहित्यका सबै प्रमुख विधालाई समेटेको देखिन्छ, किनभने सो अनुमति-पत्रमा "कवि सम्मेलनमा पाठ गराउने रचनाका विषय मुक्तक कविता, गद्य-गीत, कहानी, एकांकी नाटक र निबन्ध" हुने उल्लेख छ (हेर्नुहोस्, गोरखापत्र २००४क : ४; अनुसूची १) ।

साहित्य परिषद्को उद्घाटन अवसरमा परिषद्का अध्यक्ष केदारमान व्यथितले परिषद्को प्रमुख उद्देश्य "नेपाली संस्कृतिको जगमा नेपाली साहित्यलाई विश्व-साहित्यको दाँजोमा पुऱ्याउने" को थप विस्तार यसरी गरेका थिए :

> क) प्रत्येक नेपालीलाई नेपाली भाषा र साहित्यको अभिरुचि बढाएर साधारण तवरमा भए पनि अनिवार्यतः साहित्यिक बन्नुपर्ने प्रेरणा दिने । ख) साहित्यिक महानुभावहरूमा परस्पर चिनाजानी र मेलको सम्बन्ध बढाउन लाउने । ग) बौद्धिक, आर्थिक, मानसिक सहायताद्वारा नेपालमा प्रभावशाली चतुर कलाकार पैदा गराउने । ती कलाकारबाट निस्केका उत्कृष्ट रचनाहरू विभिन्न भाषामा अनुवाद गराई विश्वमा प्रचार गर्ने । घ) अरू भाषाका उत्कृष्ट रचनाहरूको पनि नेपाली भाषामा उल्था गरी नेपाली जनतालाई बोध गराउने र साहित्यिक सम्पर्कता जोड्ने । ङ) नेपाली भाषा चाँडै सिक्न सकिने किताबहरूको सृजना गरी साहित्य प्रचारको साथ-साथै प्रत्येक नेपालीमा साहित्यिक राष्ट्रियताको भाव जगाउने । च) खासगरी कच्चा उमेरका केटाकेटीका हृदयमा साहित्यको कुत्कुती पैदा गराउने ।

छ) लेखकहरूलाई हरतरहबाट प्रोत्साहन दिई भरसक सिर्जनामात्र निस्कने अवसर तिनीहरूलाई दिने । (साहित्य-स्रोत २००४क : ४२)

नेपाली साहित्य परिषद्‌को सञ्चालनका लागि नामै तोकिएर आएका तीन प्रमुख व्यक्तिले नै संस्थाका तीन मुख्य पक्ष सम्हालेका थिए । यद्यपि, सात जनाले निवेदन दिएकामा जम्मा तीन जनाको नाउँमा मात्र किन अनुमति-पत्र आयो, यो कुरा खुल्दैन । हुन सक्छ, निवेदन दिँदै यी तीन व्यक्तिले संस्थाका तीन मुख्य काम/क्षेत्र हेर्ने कुरा निवेदनमा पहिल्यै पो उल्लेख थियो कि ? अथवा अन्यलाई राज्यसंयन्त्रले नरुचाएको वा विश्वास नगरेको पो थियो कि ? विन्तीपत्रको नक्कल अहिले हामीसँग उपलब्ध हुन नसकेकाले यसबारे थप भन्न सकिएन । जे होस्, संस्था (साहित्य परिषद्) को “प्रधान अध्यक्ष” केदारमान व्यथित चुनिए । उनी १९९७ सालको प्रजापरिषद् काण्डमा पक्राउ परेर १८ वर्ष जेल सजाय पाएका व्यक्ति थिए । २००२ सालमा जुद्ध शमशेरले प्रधानमन्त्रीबाट अवकाश लिँदा अन्य राजनीतिक वन्दीसँगै व्यथित पनि कारामुक्त भएका थिए । त्यो बेलासम्म व्यथितको कवि व्यक्तित्व ठूलो बनिसकेको थिएन; उनलाई एक हिसाबले जेलले नै कवि बनाएको थियो (प्रधान २०६०) ।[३] तथापि, उनी अध्यक्ष रोजिनुमा सम्भवतः संस्था गठनमा उनको सक्रियता वा नेतृत्वले काम गरेको थियो ।[४] त्यस बाहेक, भुवनलाल प्रधानलाई मान्ने हो भने, पद्म शमशेरका हजुरिया कप्तान गोवर्धनलाल मास्के मार्फत व्यथितको सम्पर्क पद्म शमशेरकहाँ पुगिसकेको थियो (प्रधान २०४७ : १४७) ।[५] अर्थात् शासक पद्मका नजरमा उनी पाच्य थिए, “खतरा” थिएनन् ।

[३] व्यथित लेख्छन्, “कवि [सिद्धिचरण] बाट नै मैले कविता कोर्ने प्रेरणा पाएको हुँ । छन्दोबद्ध काव्यसृजना गर्न उहाँले नै जेलमा मलाई सिकाउनु भएको हो” (व्यथित २०७१ : ५१) ।

[४] प्रजापरिषद् काण्डमा परी जेलबाट छुटेपछि व्यथित आफ्ना कविता प्रकाशनार्थ नेपाली भाषा प्रकाशिनी समितिमा पुगे, जहाँ बालकृष्ण समले ती बहुअर्थी पंक्ति कविता हुँदैनन् भन्दै व्यथितको आलोचना गरे । संयोगले त्यहीँ रहेका लक्ष्मीप्रसाद देवकोटाले व्यथितको समर्थनमा बोलेपछि व्यथितको देवकोटासँगको सम्बन्ध झाँगिएको बुझिन्छ (गौतम २०६०) । यसै कारण पनि देवकोटा (जसको साहित्यिक व्यक्तित्व अग्लो छँदै थियो, र हालसालै त्रिचन्द्र कलेजमा प्रोफेसर नियुक्त भएका थिए) लाई व्यथितले “अनबोर्ड” लिएहुनन् ।

[५] पद्म शमशेरकै इसारामा हतियार ल्याउन व्यथित भारत गएको पनि प्रधानले लेखेका छन् (प्रधान २०४७ : १८४) । व्यथितले बताएको भन्दै गोविन्दप्रसाद उपाध्यायले अलि भिन्न विवरण पस्केका छन् । यद्यपि, उनले पनि व्यथितको पद्म शमशेरसँग सम्पर्क भएको र सोही सम्पर्कका कारण व्यथित भारत पलायन हुन बाध्य भएको उल्लेख गरेका छन् । उपाध्यायका अनुसार पद्मले व्यथित र होराप्रसाद जोशीलाई आफूप्रति जनताको समर्थन जुटाइदिन आग्रह गरेका, तर पछि सो कुरा बाहिरिएपछि आफ्ना छोरा वसन्त शमशेर मार्फत उनीहरूलाई भारततर्फ भाग्न सघाएका थिए

  

केदारमान व्यथित लक्ष्मीप्रसाद देवकोटा हृदयचन्द्रसिंह प्रधान

प्रस्तावित संस्थाको प्रमुखतम् काममध्येको कवि/साहित्य सम्मेलनको सभापतित्व लक्ष्मीप्रसाद देवकोटाको हिस्सामा परेको थियो । भीम शमशेरका पालामा सरस्वती पुस्तकालय स्थापना गर्ने प्रयासमा संलग्न भई दण्ड-सजाय समेत पाएका (१०० रुपियाँ) देवकोटा अत्यन्त सिर्जनशील थिए । अलि बढी भावुक हृदयका र लहडी स्वभावका देवकोटा (हेर्नुहोस्, हृदयचन्द्रसिंह प्रधान २०५५) स्वयंले नेतृत्व लिएर संस्था/समूह गठन गर्ने तदारुकता नदेखाए तापनि कुनै परियोजनामा संलग्न हुन कसैले आग्रह गर्दा उनी पन्छेको देखिँदैन ।[६] नेपाली साहित्याकाशमा ठूलो स्थान बनाइसकेका देवकोटालाई सम्भवतः सोही कारण परिषद्ले सञ्चालन गर्ने साहित्य सम्मेलनको सभापति प्रस्ताव गरियो, उनले सम्मति समेत दिए, र सभापति तोकिए । देवकोटाका बाबु-दाइहरूको पनि विभिन्न राणा दरबारमा पहुँच थियो; उनी स्वयंले पनि राणा शासकका सन्तानलाई पढाएका थिए । र, उनको शैक्षिक योग्यता/प्रतिभाका कारण उनी त्रिचन्द्र कलेजमा प्रोफेसर पनि बनाइएका थिए ।[७] तसर्थ, देवकोटा संलग्न हुने संस्थालाई राणा सरकारले पनि सम्भवतः अन्यथा सोचेन ।

---

(उपाध्याय २०५४क : १६७) । व्यथितसँगै काठमाडौँबाट भागेका होराप्रसाद जोशीले पनि पद्म शमशेर र उनका छोरा वसन्त शमशेरसँग आफू दुईको भेट भएको र उनीहरूकै सल्लाह र मद्दतमा (वसन्त शमशेरले एउटा रिभल्भर र ५,००० रुपियाँ दिएको) काठमाडौँबाट भागेको उल्लेख गरेका छन् (जोशी २०६३ : ६०–६२) । व्यथितले बताएको भन्दै उपाध्यायले सो रकम २,००० भएको उल्लेख गरेका छन् (उपाध्याय २०५४क : १६७) ।

[६] समलाई उद्धृत गर्दै खगेन्द्र संग्रौला लेख्छन्, “देवकोटा मान्छयै बेग्लै ... आफूमा अलग्गै आफूपना नभएजस्ता ।” समका अनुसार प्रजापरिषद्, कांग्रेस, कम्युनिष्ट, राणा जोसुकैले आएर योयो विषयमा यस्तो भाकामा लेखिदिनु पऱ्यो भनेर अनुरोध गर्दा देवकोटाले नाइँनास्ति नगरी लेखिदिन्थे (संग्रौला २०५४ : ११०) ।

[७] लक्ष्मीप्रसाद देवकोटालाई सरकारले त्रिचन्द्र कलेजमा नेपालीका प्रोफेसर नियुक्त हुँदा *गोरखापत्र*ले “योग्यं योग्याय” भनेर स्वागत गरेको थियो । समाचार टिप्पणीमा उसले लेखेको थियो :

साहित्य परिषद्को अर्को मुख्य काम *साहित्य-स्रोत*को सम्पादनको जिम्मा हृदयचन्द्रसिंह प्रधानको भागमा आयो । काठमाडौँका हुने-खाने घरका भए पनि हृदयचन्द्रसिंहका हजुरबाको सानै उमेरमा मृत्युका कारण उनको परिवारको आर्थिक हैसियत अलि खस्केको थियो, तथापि उनको सामाजिक पूँजी बलियै थियो । सानोमा उनी धनी मामाको घरमा पले-बढे, र पछि बाबुको जागिरक्रममा तराईतिर पनि केही समय बिताए (प्रधान २०११) । मास्टरको रूपमा स्कूलमा पढाएर र अझ *शारदा, उद्योग, उदय* लगायत विभिन्न म्यागेजिनमा आफ्ना रचनाहरू प्रकाश गरेर उनले नेपाली सार्वजनिक वृत्तमा एउटा स्थान बनाइसकेका थिए । त्यस बाहेक, उनका *चिह्न-परिचय, शब्द-शुद्धि-विचार, तीस रुपियाँ नोट, भू-स्वर्ग, केही नेपाली नाटक, नेपाली काव्य र उसका प्रतिनिधि कवि* जस्ता आधा दर्जन पुस्तक तत्समयसम्म प्रकाशन भैसकेका थिए ।[८] पहिले नै लेखक/साहित्यकारको रूपमा दरिइसकेकाले सम्भवतः उनी *साहित्य-स्रोत*को सम्पादकको भूमिकामा पनि रोजिए । तर, परिषद् स्थापनाका लागि विन्तीपत्र दिनेमध्येका अर्का प्रभावशाली र ऊर्जावान कवि-नाटककार गोपालप्रसाद रिमाल तथा कथाकार विजय मल्ल भने परिषद्को पदाधिकारीमा अटाएनन् । अर्का साहित्यकार सिद्धिचरणलाई पनि "परीक्षा-समिति" को सदस्यमा मात्रै सीमित गरेको पाइन्छ । रिमाल, मल्ल र सिद्धिचरणको पूर्वराजनीतिक सक्रियताका कारण संस्थामा उनीहरू नअटाएको अनुमान गर्न सकिन्छ ।

२००३ सालको माघमा भारतमा नेपालीहरूले नेपाली राष्ट्रिय काँग्रेस नाउँको राजनीतिक दल खोलेपछि त्यसलाई एक हिसाबले "काउन्टर" गर्ने स्वदेशी दल नेपाल नेशनल लीग खोल्ने धुनमा गोपालप्रसाद रिमाल लागेका र सो क्रममा आफ्ना साथी दमनराज तुलाधरसँग मिलेर मोहन शमशेर र उनका छोरा विजय शमशेरसँग रिमालहरूले सम्पर्क गरेका थिए ।[९]

---

"नेपाली भाषाका लब्धप्रतिष्ठ लेखक र कवि लक्ष्मीप्रसाद देवकोटा त्रिचन्द्र कलेजमा नेपालीका प्रोफेसर भए रे भन्ने कुरा हामीले सुन्यौं । यो बहुतै बेस कुरा भयो । भाषानुवाद परिषद्मा विचराले बेलाइती इतिहासको अनुवाद गरेर पनि पेट पाल्नु परेको थियो । त्रिचन्द्र कालेजका ती विद्यार्थी साच्चै नै भाग्यमानी हुन् जो यिनसँग पढ्न पाउने छन्" (गोरखापत्र २००३क : २) ।

[८] हृदयचन्द्रसिंहले लेखेको पुस्तक *चिह्न-परिचय* वि.सं. २००० मै सरकारी संस्था नेपाली भाषा प्रकाशिनी समिति (नेभाप्रस) ले प्रकाशन गरेको थियो (हेर्नुहोस्, प्रधान २०००) । उनको *साहित्य : एक दृष्टिकोण*ले २००३ सालमा नेभाप्रसबाट प्रकाशनका लागि स्वीकृति पाएको थियो, जुन २००४ सालमा नेपाली साहित्य परिषद्ले प्रकाशन गरेको थियो (हेर्नुहोस्, प्रधान २००४) ।

[९] यही साल रिमाल *शारदा*को सम्पादक समेत बने, छोटो समयका लागि । पौडेलका अनुसार उनी मृगेन्द्र शमशेरका कारण *शारदा*मा जोडिएका थिए, तर उनले सम्पादन गरेको पत्रिकामा छापिएको सम्पादकीय "राजनीतिक" भएको बात लागेकाले उनी छिट्टै पत्रिकाको सम्पादन समूहबाट बाहिरिनु पऱ्यो (पौडेल २०४९) ।

तर, मोहन शमशेरले दल खोल्ने कुरामा सम्मति दिएनन्, निरुत्साह नै गरे । रिमालहरू दल नबनाइकनै पनि मानिसहरूको भीडभाड हुने स्थानहरूमा प्रार्थना सभा, भेला गर्न थाले (तुलाधर २०३९; प्रधान २०४७; उपाध्याय २०५४क) । यो समूहमा राणा दरबारसँग राम्रै हिमचिम रहेका र *शारदा* पत्रिकाका प्रकाशक/सम्पादक ऋद्धिबहादुर मल्लका छोरा विजय मल्ल पनि संलग्न थिए (प्रधान २०४७; प्रधान २०६६; मल्ल २०६६; बस्नेत २०६६ख) । यही क्रममा रिमाल र तुलाधर २००३ सालको चैतको दोस्रो साता पक्राउ परे (गोरखापत्र २००३ख), र एक वर्षका लागि कैद गरिए (गोरखापत्र २००३ग; तुलाधर २०३९), मल्ल र केही अरू भने केरकारपछि छाडिए (प्रधान २०६६) ।[१०] त्यसैले, सम्भवतः रिमाल र मल्ल साहित्य परिषद् गठन गर्दा अटाएनन् ।[११] यद्यपि, व्यथितको पनि स्थिति करिब उस्तै हो, तर उनले "प्रधान अध्यक्ष" मा सम्मति पाए—सम्भवतः संस्था गठनमा उनको सक्रियता, र पद्म शमशेरसँगको पहुँचका कारण ।

नेपाली साहित्य परिषद्का अन्य पदाधिकारी निम्न थिए : उपाध्यक्ष रेणुलाल सिंह, सम्मेलन उपसभापति हृदयराज काव्यतीर्थ, स्वागताध्यक्ष हृदयचन्द्रसिंह प्रधान र कोषाध्यक्ष त्रिपुरवरसिंह प्रधान । त्यस्तै, परिषद्मा एउटा परीक्षा-समिति पनि गठन गरिएको थियो, जसको काम कवि सम्मेलनमा पढिने एवं पुरस्कृत हुने रचना चयन गर्नुका अतिरिक्त "सेन्सर" गर्नु थियो । सो समितिका परीक्षकहरूमा भरत शमशेर, पुष्कर शमशेर, बालकृष्ण शमशेर, चन्द्रबहादुर थापा, रामप्रसाद मानन्धर, यदुनाथ खनाल, हृषीकेश केशरी शाह, प्रेमराज शर्मा, तीर्थप्रसाद ढुंगाना, सिद्धिचरण र लेखनाथ पौड्याल तोकिएका थिए (हेर्नुहोस्, तस्बिर १) ।[१२] यो समितिमा केही त ख्यातनामा साहित्यिक, लेखक थिए अनि केही चाहिँ सत्ताका प्रमुख

[१०] *गोरखापत्र*मा प्रकाशित यस सम्बन्धी समाचारमा गोपालप्रसाद रिमाल र दमनराज तुलाधरका अतिरिक्त कृष्णप्रसाद रिमाल र तीर्थराज तुलाधरलाई पद्म शम्शेरले एक वर्षका लागि "नेल नठोकी" जेल सजाय दिएको उल्लेख छ । पद्मको उक्त कार्य (नेल नठोक्ने) लाई *गोरखापत्र*ले "श्री ३ महाराजको दयाले भिजेको इन्साफ" भनेको थियो (गोरखापत्र २००३ग : १) ।

[११] वैशाख २००४ मा भारतमा कृष्णप्रसाद भट्टराईको हातबाट विजय मल्लले नेपाली काँग्रेस पार्टीको सदस्यता लिएको बस्नेत (२०६६ख) ले उल्लेख गरेका छन् । पछि २००५ साल असोजमा रिमालहरूले खोलेको राष्ट्रिय प्रजा पञ्चायत पार्टीमा संलग्न भई राजनीतिक गतिविधि गर्दा पक्राउ परी सोही साल कात्तिकदेखि २००७ सालको माघसम्म मल्ल जेलमा राखिए (प्रधान २०६६) ।

[१२] परीक्षकमध्ये *गोरखापत्र*का सम्पादक समेत रहेका प्रेमराज शर्माले आफ्नो अवकाश अभावको कारण जनाई परीक्षक समितिमा बस्न नामञ्जुर गरी अस्वीकृति-पत्र पठाएका थिए (हेर्नुहोस्, साहित्य-स्रोत २००४घ : अन्तिम आवरण पृष्ठ) ।

खम्बा पनि थिए (जस्तै, भरत शमशेर, चन्द्रबहादुर थापा) ।[१३] शासक र साहित्यिकको यो सम्मिश्रणले सम्मेलनमा प्रस्तुत हुने रचनामा कलात्मक पाटो पनि होस् र "राजनीति" पनि नछिरोस् भन्ने सुनिश्चित गर्न खोजेको देखिन्छ ।



परिषद्का कार्यकारीहरू

| | |
|---|---|
| प्रधान अध्यक्ष | श्री केदारमान श्रेष्ठ 'व्यथित' |
| उपाध्यक्ष | श्री रेणुलालसिं बी. ए. (आनर्स) |
| सम्मेलन-सभापति | श्री प्रो. लक्ष्मीप्रसाद देवकोटा बी. ए. बी. एल |
| उपसभापति | श्री हृदयराज काव्य तीर्थ |
| स्वागताध्यक्ष | श्री हृदयचन्द्रसिंह प्रधान |
| कोषाध्यक्ष | श्री त्रिपुरवरसिंह प्रधान |

परीक्षा-समितिका परीक्षकहरू

श्री ले. क. भरत शमशेर ज. ब. रा.
श्री मे. क. पुष्कर शमशेर ज. ब. रा.
श्रीमे. क. बालकृष्ण शमशेर ज. ब. रा.
श्री ले. क. चन्द्रबहादुर थापा
श्री प्रो. रामप्रसाद मानन्धर एम. ए.
श्री प्रो. यदुनाथ खनाल एम. ए.
श्री प्रो. ऋषिकेश केशरी शाह एम. ए.
श्री सम्पादक डा. प्रेमराज शर्मा
श्री पं. तीर्थ प्रसाद दुङ्गाना
श्री कवि सिद्धिचरण
श्री कवि लेखनाथ पौड्याल

द्रष्टव्य—परीक्षकहरूमा अवकासको अभावको कारण संपादक डा. प्रेमराज शर्माको अस्वीकृति-पत्र आएको छ ।

नेपाली साहित्य परिषद्को उद्घाटन

'०४ ज्येष्ठ २ गते शिक्षा-विभागका डा. ज. श्रीमृगेन्द्र शमशेर जङ्गबहादुर राणा साहेबको सभापतित्वमा उहाँबाटै परिषद्को उद्घाटन समारोहसाथ भयो ।

व्यवस्थापक—कृष्णचन्द्र सिंह प्रधान

*तस्बिर १ : परिषद्का कार्यकारीहरू र परीक्षा समिति (साहित्य-स्रोत २००४घ : अन्तिम आवरण पृष्ठ) ।*

## परिषद्को उद्घाटन र पहिलो साहित्य सम्मेलन

संस्था खोल्ने अनुमति पाएको करिब ४–५ हप्तामै नेपाली साहित्य परिषद्को तामझामसहित उद्घाटन गरियो—जेठ २, २००४ मा (गोरखापत्र २००४घ : ४; तस्बिर २) । उद्घाटन समारोहका प्रमुख पाहुना पब्लिक इन्स्ट्रक्शन विभागका उनै डाइरेक्टर जनरल मृगेन्द्र

[१३] भरत शमशेर मृगेन्द्र शमशेरका छोरा हुन् भने चन्द्रबहादुर थापा प्रहरीको उपत्यका हेर्ने प्रमुख व्यक्तिमध्येका हुन् । समयाभाव जनाउँदै थापाले पनि पछि सो समितिबाट राजीनामा गरेका थिए ।



नेपाली साहित्यपरिषद्को
उद्घाटन

काठमाडौं, ज्येष्ठ २ गते । आज सरस्वतीसदनमा दिनको ५-३५ मा नेपाल शिक्षाविभागका डाइरेक्टर श्री मे० ज० मृगेन्द्र शमशेर जङ्गबहादुर राणाबाट नेपाली साहित्यपरिषद्को उद्घाटनको काम बडा समारोहपूर्वक भयो । शुरूमा एउटा मंगल गीत गाइयो ।

यस परिषद्को कारण उद्देश्य आदिको विषयमा परिषद्का अध्यक्षको भाषणपछि श्री डाइरेक्टर साहेबले सभापतिको आसनबाट विश्व साहित्यको प्रमाण र हाम्रो साहित्यको प्रगतिको सम्बन्धमा एउटा भाषण बक्सियो ।

*तस्बिर २ : साहित्य परिषद्को उद्घाटन सम्बन्धी समाचार (गोरखापत्र २००४घ : ४) ।*

शमशेर थिए । समारोहमा उद्घाटन मन्तव्य दिँदै उनले भने, "अरू राष्ट्रले साहित्यको मुहानलाई भिन्नाभिन्नै अनेकौँ धारामा बाँडेर अनावश्यक र सर्वसाधारणको लागि काम नलाग्ने विषयको विकासपट्टि लागेर वा यस्तै अरू किसिमबाट जुन भूल गरे ती खाडलहरू छल्दै चड्दै चाँडै नै साहित्याकाशको शिखरमा" पुग्न पर्छ । र, आदेशात्मक सुझाव दिए, "सबभन्दा पहिले शुद्धता र सरलताको अभ्यास गर । कपट राखेर गरेको कुनै काम पनि चिरस्थायी हुन सक्तैन । शुद्ध साहित्यको उन्नतिलाई नचाहिँदो विषयपट्टि नलाग" (गोरखापत्र २००४ङ : १) । तात्कालिक समयमा प्रधानमन्त्री पद्म शमशेरले लिएको शैक्षिक विस्तारको नीतिमा पनि परिषद्ले भूमिका निर्वाह गर्न सक्ने उनको आशा थियो, अनि आफ्नो तोकिएको उद्देश्यभन्दा बाहिर नजान परिषद्लाई खबरदारी पनि । मृगेन्द्रले यी

आदेश, र खबरदारी गर्नुका पछाडि संस्थापकहरूको व्यक्त-अव्यक्त राजनीतिक संलग्नताका साथै तात्कालिक समयमा भैरहेका राजनीतिक गतिविधि (दल खोल्ने उपक्रम र सत्याग्रह इत्यादि) जिम्मेवार छन्, जसबारे माथि उल्लेख गरियो। प्रधानमन्त्रीले परिषद्लाई १,००० रुपियाँ चन्दा दिएको मृगेन्द्र शमशेरले आफ्नो भाषण क्रममा जानकारी दिए, र आफूले पनि ३०० रुपियाँ चन्दा दिए।[१४] यसबाहेक संस्था उद्घाटन अवसरमा अरू केहीले पनि अलिअलि चन्दा दिए, जसले संस्था सञ्चालनका लागि बीउपूँजी उपलब्ध भयो (साहित्य-स्रोत २००४ग : ५०)।[१५]

संस्थाको स्वागत गर्दै *गोरखापत्र*ले सम्पादकीय छाप्यो। उसको सम्पादकीयले डाइरेक्टर जनरलकै लाइन पछयाएको थियो। "जसरी अन्न शारीरिक तृप्तिका लागि आवश्यक छ, त्यसरी नै कला-साहित्य-संगीत मानसिक तृप्तिका लागि आवश्यक छ" भन्दै *गोरखापत्र*ले कुनै देशको उन्नति-अवनतिको अवस्था थाहा पाउन सो देशको साहित्यतर्फ आँखा लगाए पुग्छ भन्यो। र, एउटाको भनाइ छ भन्दै थप्यो : "कुनै जातिलाई साँच्चि नै निर्मूल तुल्याउनुछ भने त्यस जातिलाई एक एक गरेर हत्या गरे तापनि समय पाई फेरि एक दिन त्यो जाति उठेर आउने सम्भावना हुन्छ, तर त्यस जातिको साहित्यलाई गुटमुट्याएर आगोमा हालिदेऊ, त्यो जाति आफसे आफ नष्ट भएर जान्छ" (गोरखापत्र २००४ख : २)। पछिसम्म स्थिर हुने जग बसालेर साहित्यको सेवा गर्न सकोस् भनेर संस्थालाई शुभकामना दिँदै *गोरखापत्र*ले अगाडिको बाटो मखमलको नभएको र "कटु समालोचना र शारीरिक संकष्ट" समेत आउने सम्भावनातर्फ पनि इंगित गर्‍यो (गोरखापत्र २००४ख : २)। "अवकाश अभाव" देखाएर संस्थामा संलग्न हुन अस्वीकार गरेका *गोरखापत्र*का सम्पादक प्रेमराज शर्मा (हेर्नुहोस्, पादटिप्पणी १२) ले सम्भवतः अगाडिको बाटो सहज नभएको देखिसकेका थिए।[१६]

[१४] परिषद्को उद्घाटन गर्दा मृगेन्द्र शमशेरले दिएको भाषण *साहित्य-स्रोत*को पहिलो अंकमा पनि प्रकाशित छ (हेर्नुहोस्, साहित्य-स्रोत २००४ख : ४३–४५)।

[१५] यतिखेर जम्मा रु. १,३७० चन्दा उठेको देखिन्छ। *साहित्य-स्रोत*को दोस्रो र तेस्रो अंकमा परिषद्लाई चन्दा दिने अन्य व्यक्तिहरूको सूची छ। करिब ९०० रुपियाँ थप चन्दा उठेको दोस्रो अंकबाट देखिन्छ (हेर्नुहोस्, साहित्य-स्रोत २००४च : ६७)। त्यस्तै, तेस्रो अंकमा दिइएको सूचीले थप करिब १,४०० चन्दा उठेको बुझिन्छ। पद्म शमशेरले दोस्रो पटक १,००० रुपियाँ यो संस्थालाई दिएको देखिन्छ (हेर्नुहोस्, साहित्य-स्रोत २००४ज : अन्तिम आवरण पृष्ठ)।

[१६] प्रेमराज पनि प्रजापरिषद् काण्डमा पक्राउ परेका थिए। तर, केही समय थुनामा राखी केरकार गरेर सम्भवतः प्रजापरिषद्सँग सोझो सम्बन्ध नभेट्टाइएकाले उनी रिहा गरिए, र *गोरखापत्र*को सम्पादकमा पुनःस्थापित गरिए।

आफ्नो समयको ख्यातनामा पत्रिका *शारदा*ले पनि संस्थाको स्वागत गर्दै लेख्यो : "श्री ३ महाराजको शिक्षा र सांस्कृतिक उत्थानको योजनालाई सफलिभूत गर्न केही देशभक्त साहित्य प्रेमीहरूले साहित्य परिषद् खोलेका छन् । यो कम खुशीको कुरा होइन । देश भरिका जनताहरूलाई शिक्षित साथै कलाप्रेमी, साहित्यप्रेमी बनाउने दायित्वपूर्ण अभिभारा बोकेर साहित्य परिषद्का कार्यकर्ताहरू वर्लेका हुन्" (रेग्मी २०५८ : २७६) । सबैखाले शासक (खास गरी निरंकुश) को सदैव गुणगान र भक्ति गर्ने *शारदा*ले सरकारी पैठ पाएको यो संस्थाको स्वागत गर्नु कुनै अनौठो चाहिँ थिएन (पराजुली सन् २००६ख) ।

संस्था उद्‌घाटन भएको दुई हप्ताभित्रै परिषद्‌ले काठमाडौँमा बृहत् साहित्य सम्मेलन आयोजन गर्‍यो । उद्‌घाटनअघि नै संस्थाले तीन-दिने कवि सम्मेलन गर्ने भनेर *गोरखापत्र*मा सूचना प्रकाशन गरिसकेको थियो । सूचनामा आफूले तयार गरेको कवि/साहित्यकारको सूचीमा परेका सबैको ठेगाना पाउन नसकेकोमा अफशोच जनाउँदै सम्मेलनमा सुनाउने रचना जेठ ८ गतेसम्म आइपुग्नु पर्ने बताइएको थियो । कविता र गद्य गीत दुई पानासम्मका र अन्य रचना (कथा, निबन्ध, एकांकी) १० पानासम्म हुन सक्ने उल्लेख थियो । थप, परिषद्‌लाई सरकारी आदेश भए मुताविक नै उसले उक्त सूचनामा प्रस्ट लेख्यो : "रचनाहरू धर्म तथा राजनीति विरुद्ध नभईकन कलात्मक शुद्ध साहित्यिक र सांस्कृतिक हुनुपर्छ" (गोरखापत्र २००४ग : ४; तस्बिर ३) । यसले सत्ताधारी र संस्थाका नेतृत्वकर्ताहरू साहित्यको आवरणमा कुनै "राजनीतिक" कुरा नछिरोस् भन्नेमा सचेत रहेको देखाउँछ ।[१७] संस्थाको कार्यसमितिभन्दा ठूलो (११ सदस्यीय) "सेन्सर बोर्ड" अर्थात् परीक्षा समिति त्यसैले बनाइएको र त्यसमा सर्जकजन बाहेक राणा शासक परिवार र सत्ताका तावेदार पनि राखिएको हुनुपर्छ ।

त्रिचन्द्र कलेजस्थित सरस्वती सदनमा भएको सो सम्मेलनबारे *गोरखापत्र*मा समाचार छापियो, "पहिलो कवि सम्मेलन कविवर श्री लक्ष्मीप्रसाद देवकोटा बी.ए. बी.एल.को सभापतित्वमा बडो समारोहका साथ भयो" (गोरखापत्र २००४च : १) । *शारदा*ले लेख्यो,

[१७] शासकहरूको "धर्म" प्रतिको चासो सम्भवतः छिमेकमा विद्यमान दुई परिस्थितिका कारण सृजित भएको हुनुपर्छ । एक, छिमेकमा हिन्दू-मुश्लिम दंगा भइरहेको थियो, र धर्मकै आधारमा भारत-पाकिस्तान विभाजन भएको थियो । दोस्रो, भारतमा हिन्दू सुधारवादी आन्दोलन चलिरहेको थियो, र त्यसको बाछिटा (मूलतः आर्य-समाजी विचारधारा) नेपालभित्र छिरिसकेको थियो । तर, तात्कालिक शासकहरू सो सुधारवादी मतलाई विचलनकारी मान्दथे, र अन्ततः शासन-व्यवस्थामा खलल पुर्‍याउने समेत ठान्दथे । तसर्थ, कवि-साहित्य-सम्मेलन मार्फत ती विचारधाराले स्थान नपाऊन् भन्नेमा उनीहरू सचेष्ट रहेको अनुमान लगाउन सकिन्छ । त्यसबाहेक, बुद्ध-धर्मको प्रचार-प्रसारलाई पनि शासकहरूले नरुचाएको, र त्यस्ता गतिविधिमा रोक लगाएका उदाहरण समेत छन् (हेर्नुहोस् महर्जन २०७१) ।


कविसम्मेलनमा सुनाइने रचना आगामी ज्येष्ठ ८ गतेसम्ममा यस परिषद्मा आइपुग्नुपर्छ। रचनाका रूप :—मुक्तक कविता र गद्यगीत कहानी एकाङ्की नाटक र निबन्ध। आकार —कविता र गद्य गीत २ पृष्ठ, अरू शेष रचना १० पृष्ठसम्ममा सीमित हुनुपर्छ।

रचनाहरू धर्म तथा राजनीति विरुद्ध नभईकन कलात्मक शुद्ध साहित्यिक र सांस्कृतिक हुनुपर्छ। उपस्थितिको अनुकूल नमिले आफ्ना प्रतिनिधिको साथ आफ्ना कृति पठाएर पनि नेपाली साहित्यपरिषद्उपर सहानुभूति प्रदान गर्न सकिन्छ।

*तस्बिर ३ : पहिलो कवि सम्मेलनको सूचना र नीति (गोरखापत्र २००४ग : ४)।*

“दर्शकगण र श्रोतागणहरूको भीडले सरस्वती सदन टनाटन भरिएको थियो। नेपालभरका ठुलठुला लेखक र ठुलठुला कवि एकै ठाउँमा सम्मिलित भएको त्यो दिन ऐतिहासिक दिन थियो” (रेग्मी २०५८ : २७७)। तीन दिनसम्म (जेठ १५–१७, २००४) चलेको यो सम्मेलनमा ७०/७५ जनाले आफ्ना रचना सुनाए (ठाकुरदास २००४ : २)।[१८] लेखनाथ पौड्याल, बालकृष्ण शमशेर, सिद्धिचरण श्रेष्ठ, भवानी भिक्षु, भीमनिधि तिवारी, जगदीश

[१८] हलमा चुरोट खानेहरूको भरमार थियो, जसले गर्दा हल कुहिरीमण्डल भएको थियो। रमा शर्मा लेख्छिन्, “सम्मेलनमा ज्यादै घुइँचोको कारण लेखनाथ पौड्याल मूर्छा भएका र लक्ष्मीप्रसाद देवकोटा र लेखनाथले समारोहस्थल सरस्वतीसदनबाट फुत्कनुपरेको समेत बुझिएको छ” (शर्मा २०४८क : १४)। *गोरखापत्र*मा लेखिएको छ, “आखिरी दिन भीड पनि ज्यादै भएको र श्री जेनरलसाहेबहरू र अरू मान्नपर्ने मानिसहरूका अगाडि चुरोट खानेमा सभ्यता सम्झने भलाद्मीहरूका कृपा र सरस्वती सदनको होचो तल्लो बैठकमा हावा र कार्बन डाइ अक्साइटले

शमशेर लगायतका चिनिएका र नचिनिएका साहित्यिकहरूले कविता, कथा, एकांकी, निबन्ध सुनाएका थिए । सो कवि सम्मेलनमा आफूले पहिलो दिन "दागबत्ती" कविता र दोस्रो दिन "के थियो ?" कविता पाठ गरेको भीमनिधिले लेखेका छन् (तिवारी २०७९ : ६९) ।[१९] सभापति लक्ष्मीप्रसादले त "४०।५० पृष्ठ" लामो लच्छेदार भाषण दिएका थिए (शर्मा २०४८क : १४) ।[२०] कुमारी चीनीदेवी लगायत ४/५ जना महिलाले पनि आफ्ना रचना पढेका थिए, जसलाई खुबै सह्राइएको पनि थियो (साहित्य-स्रोत २००४ङ : ६३–६४; शर्मा २०४८क) ।[२१]

*साहित्य-स्रोत*को अंक ६–७ को "सम्पादकको कलम" पनि पहिलो कवि-सम्मेलनबारे नै छ । सो "कलम" मा दावी गरिएको छ, "२००४ साल जेष्ठ १५, १६, १७ गते दिन तीन इतिहासका पृष्ठमा सुवर्ण अक्षरले लेखिनेछन् । हज्जारौं सर्वसाधारण नर-नारीहरूको बीचमा सर्वप्रथम नेपालमा कवि-सम्मेलन भएका ती दिन तीन अमर भइरहेर नेपाली जनता मात्रलाई कवि र कवि-हृदय बनाइरहनेछन्, भावी कविहरूलाई सुदूरतक गति दिँदै औँल्याइरहनेछन्..." (साहित्य-स्रोत २००४ड : १०८) ।

---

दूषित भएर श्री लेखनाथ र श्री लक्ष्मीप्रसादले सभा नछाडी धरै पाउनुभएन" (ठाकुरदास २००४ : २) । पछिबाट चुरोट निभाउन लगाइएको थियो ।

[१९] जीवनमा "पहिलो पल्ट उभिएर जनसमूह समक्ष" कविता पाठ गरेकाले "भित्र भित्र मुटु फुलेर आएको" भीमनिधि तिवारीले लेखेका छन् । उनी अगाडि लेख्छन्, "अरू कति कविको त हात नै थरथर कामेको, कसैको सारा जीउ लगलग कामेको, कसैको मुखबाट वाक्य नै निस्कन गाह्रो, कसैको कविता पाठभन्दा खोकाइ धेरै, कुनैले त नाम बोलाएपछि मञ्चमा गएर उभिन समेत डराएर कविता पाठ नै छाडेका । एउटा अभूतपूर्व तमाशा थियो" (तिवारी २०७९ : ६९) ।

[२०] शर्मा (२०४८) ले ४०–५० पाना उल्लेख गरेकी छन् भने कृष्णचन्द्रसिंहले उनको भाषणले "३२ पाने एक्सर्साइज बुक भरिएको" लेखेका छन् (कृष्णचन्द्रसिंह प्रधान २०५५ : ५९) । देवकोटाले पढेको भाषण *साहित्य-स्रोत*का विभिन्न अंकमा धारावाहिक रूपमा प्रकाशन भएका छन् र तिनले पत्रिकाका करिब १४ पाना खाएका देखिन्छन् ।

[२१] *साहित्य-स्रोत*को दोस्रो अंकमा १७-१८ वर्षकी "श्रीमती चीनिमैयाँ" ले सम्मेलनको पहिलो दिन रचना पढेको र सोलाई धेरै स्रोतालाई निकै चकित गराएको उल्लेख छ (साहित्य-स्रोत २००४ङ : ६३), तर पछि उनको नाम "श्रीमती चीनीमैया" नभई "श्रीकुमारी चीनीदेवी" भएकाले "भूल सुधार" गरिएको छ (साहित्य-स्रोत २००४छ : ३७) । अर्की महिला साहित्यकारको नामचाहिँ सो पत्रिकामा उल्लेख छैन तर उनी "कच्चाउमेर" (१४–१५ वर्ष) की भएकी र अलि संकोच मान्दै रचना पढेको त्यहाँ लेखिएको छ (साहित्य-स्रोत २००४ङ : ६३) । त्यस्तै, तेस्रो दिन "पहिलेका दुई दिन भन्दा यस दिन उपस्थित महिलाहरूको संख्या धेरै थियो । २।३ जनाले आफ्नो आफ्नो र एक जनाले अनुपस्थित अर्को लेखिकाको रचना समेत पढेर सुनाउनु भयो" (साहित्य-स्रोत २००४ङ : ६४) ।

*साहित्य-स्रोत*को सम्पादकीयका अनुसार कवि-सम्मेलनमा कविताको क्षेत्रमा माधवप्रसाद घिमिरेको “राष्ट्रिय झण्डा” ले (जुन स्रोताका मागका कारण दोहोऱ्याएर पढिएको थियो), जगदीश शमशेरको “मृत योद्धाको सम्झनामा” र “भिखारिणी” ले, निबन्धमा हृषीकेश केशरी शाहको “भाषा” ले, गद्य-गीतको क्षेत्रमा जनार्दन शर्माको “मानव” ले, भाषणमा लक्ष्मीप्रसाद देवकोटा र मृगेन्द्र शमशेरले स्रोतालाई प्रभावित पारेका थिए (साहित्य-स्रोत २००४ड : १०८) । बालकृष्ण शमशेर र केदारमान व्यथित तथा भीमनिधि तिवारीका रचनाले पनि स्रोतालाई “प्रभावितै गरेका” तर सिद्धिचरण, विजय बहादुर मल्ल, गोविन्द बहादुर मल्ल गोठाले, र लेखनाथका रचना सरल, सुन्दर र सुबोध भएर पनि स्रोतालाई प्रभावित पार्न नसकेको समेत सो सम्पादकीयमा उल्लेख छ (साहित्य-स्रोत २००४ड : १०९) ।

तर, सबैले साहित्य-सम्मेलनलाई रुचाएकै थिए भन्ने चाहिँ होइन । सम्मेलनमा पक्षपात भएको भन्दै आलोचना गरेर एकजना सूर्यबहादुरले *गोरखापत्र*मा पाठकपत्र पठाएका थिए । पत्रमा उनले आरोप लगाए, “सोझा र सरल हृदयका सत्यपन्थी कवि र लेखकहरू सबै हतोत्साह देखिन्थे, अशान्त थिए ।” उनले थपे, “सम्मेलनमा पक्षपात त पच्चीसै आना गरेका थिए । सुन र पित्तल, पत्थर र मणिको केही पनि परिक्षण भएको थिएन । पित्तल र पत्थरको कहर थियो, सुन र मणिको अनादर” (सूर्यबहादुर २००४ : ३) । सूर्यबहादुरको यो आरोपको परिषद्ले प्रतिवाद गऱ्यो : “ठीक कसले कसलाई र कसरी पक्षपात गरिएछ । उहाँ [सूर्यबहादुर] ले त्यो स्पष्टरूपले बुझाइदिनुभए झन् ठूलो निगाह हुन्थ्यो । के लेखनाथ, देवकोटा, सिद्धिचरण, बालकृष्ण शमशेर आदि नेपाली साहित्यिका शिरोमणिहरूलाई सम्मेलनमा सुशोभित गराएर हामीले ‘पित्तल र पत्थरको कदर’ गऱ्यौं र ‘सुन र मणिको अनादर’ गऱ्यौं ?” (गोरखापत्र २००४छ : २) ।

सम्मेलनमा पढिएका सामग्रीमध्ये कवितातर्फ पछि गएर राष्ट्रकविको खिताब पाउने माधवप्रसाद घिमिरेको “राष्ट्रिय झण्डा” पुरस्कृत भयो । त्यस्तै, निबन्धतर्फ हृदयचन्द्रसिंहको “जुँघा”[२२] र केशवलाल कर्माचार्यको “हराएको सारी” कथातर्फ उत्कृष्ट ठहरियो । गद्य-गीतमा कृष्णचन्द्रसिंह प्रधानको “परिचय” र एकांकी नाटकमा रामप्रसाद जोशीको “भक्ति” पुरस्कृत भए (हेर्नुहोस्, साहित्य-स्रोत २००४ठ : ३४; तस्बिर ४) । सम्मेलनसँगसँगै हृदयचन्द्रसिंहको सम्पादकत्वमा *साहित्य-स्रोत* मासिक पत्रिका पनि धडाधड (वैशाख २००४ को अंकदेखि नै) प्रकाशन हुन थाल्यो ।

[२२] *साहित्य-स्रोत*मा लेखिएको “जुँघा” पछि गएर “जुँगा” बनेको देखिन्छ । २००९ सालमा हृदयचन्द्रसिंहले यही शीर्षकमा निबन्ध संग्रह प्रकाशन गरे (प्रधान २००९क) ।


गत २००४ साल ज्येष्ठ १५ गतेकों

प्रथम कवि सम्मेलनको

प्रतिस्पर्द्धामा पहिला भएका कृति र कृतिकारहरू

—कविता—

( १ ) राष्ट्रीय झण्डा—श्रीमाधवप्रसाद घिमिरे

—गद्य-गीत—

( २ ) परिचय--श्रीकृष्णचन्द्रसिंह प्रधान

—कहानी—

( ३ ) हराएको सारी--श्रीकेशवलाल कर्माचार्य

—एकाङ्की नाटक—

( ४ ) भक्ति--श्रीरामप्रसाद जोशी

--निबन्ध—

( ५ ) जुँघा--श्रीहृदयचन्द्रसिंह प्रधान

*तस्बिर ४ : पहिलो कवि सम्मेलनमा पुरस्कृत रचना (साहित्य-स्रोत २००४ठ : ३४) ।*

## मूल नेतृत्वको पलायन, मोहन शमशेरको सत्तारोहण र परिषद्मा लागेको ग्रहण

यसरी दुःखजिलो गर्दै संस्था खोलेको र धुमधामसँग साहित्य सम्मेलन गरेको केही महिनामै संस्थाका दुई मुख्य मान्छे केदारमान व्यथित र लक्ष्मीप्रसाद देवकोटा भारततर्फ भासिए।[२३] र, दुवै भारतमा पुगेर राजनीतिक गतिविधिमा समेत जोडिए। “त्रिचन्द्र कलेजमा

[२३] व्यथित सम्बन्धी स्मृति-ग्रन्थमा देवकोटालाई सँगै लिएर व्यथित भारत गएको उल्लेख छ (प्रधान २०६० : ५), यद्यपि केहीले उनीहरू भिन्नाभिन्नै गएको पनि लेखेका छन् । देवकोटा र कंसाकार सँगै भारत गएको चूडामणि बन्धु (२०४६) ले लेखेका छन् । धर्मराज थापा (२०६०) ले व्यथितले बेलामौका “लक्ष्मीप्रसाद देवकोटालाई काठमाडौँको त्रिचन्द्र कलेजदेखि भगाएर बनारस लैजाने पनि मै हुँ” भन्ने गरेको लेखेका छन् । देवकोटा उद्विग्न देखिएकाले उनलाई वनारस जान सल्लाह दिएको पूर्णबहादुर एम्.ए.को दावी छ (२०५५ : १३५) । भुवनलाल प्रधान (२०४७) ले पनि व्यथित छुट्टै र देवकोटा र कंसाकार सँगै भारत गएको लेखेका छन् । र, प्रारम्भका केही महिना देवकोटाको घरमा मासिक केही रकम पद्म शमशेरकहाँबाट जाने गरेको प्रधानको दावी छ (प्रधान २०४७ : १८५) । २००४ सालमा उनीहरू बाहेक उपत्यकाका अन्य थुप्रै युवा पनि भारततर्फ लागेका थिए (प्रधान २०४७) ।

नेपाली र अंग्रेजी पढाइरहेका लक्ष्मीप्रसाद देवकोटा सम्बन्धितहरूलाई कुनै सूचना नदिई साउन महिनामा भारततर्फ लागे" र त्यहाँ पुगेर नयाँ खुलेको राजनीतिक संगठन नेपाली काँग्रेससँग सम्बन्धित पत्रिका *युगवाणी*को सम्पादक मण्डलका सदस्य बने (पराजुली सन् २०२१) ।[२४] त्यस्तै, गोपालप्रसाद रिमाल र विजय मल्लले पनि राजनीतिक रूपमा सक्रिय हुनुका अतिरिक्त र भारत-भ्रमण पनि गरेको देखियो (तुलाधर २०३९; प्रधान २०६६) ।

*साहित्य-स्रोत*को अंक ४ को सम्पादकीयमा पनि देवकोटाको पलायनबारे उल्लेख छ । देवकोटाको महत्तालाई स्वीकार्दा-स्वीकार्दै पनि उनको सो (विनासूचना) पलायनलाई पत्रिकाले आलोचना गरेको छ :

> वास्तवमा देवकोटाजी कवि-सम्मेलनको सभापति पदमा साह्रै सुहाउँदा व्यक्ति हुन् । उनको आसीनले कवि-सम्मेलनको प्रतिष्ठा पनि निकै बढेको छ । अर्को सम्मेलन पनि नजीक आइसक्यो, तर देवकोटाजी हाम्रो सामुन्ने छैनन् । उनी कहाँ बिलाए कसैले भन्न सकेन । उनको अनुपस्थितिको कारण हामीलाई खेद छ, यद्यपि परिषद्को निम्ति उनले अपराध गरे, तर हामी उनको साहित्यिक व्यक्तित्वको नातामा हामी उनलाई "कालो गए, गोरो आउँछ" भन्न सक्तैनौं । उनको निम्ति हामी दुःखी नै छौं । तर देवकोटाजी चाहे साहित्यका एउटा देवता नै होऊन्, अथवा सरस्वतीको अवतारै, साहित्य परिषद् र सम्मेलन उनी नै भनेर पर्खिरहन सक्तैनन् । उनलाई सभापतिको सखत जरुरत भइरहेको छ । जाहेरी र स्वीकृतिविना कोही कार्यकारी काममा हानि गरेर कहीं हिड्छन् भने साहित्य परिषद् तिनलाई दोषी ठहऱ्याउँछ । यही नीति मुताविक परिषद्ले सभापतिको पदबाट "प्रो. लक्ष्मीप्रसाद देवकोटा बी.ए.बी.एल." को नामलाई झिकिदियो । (साहित्य-स्रोत २००४झ : ३१–३२)

नेपालबाट पलायन भएपछि देवकोटा आफ्नो रुचि, क्षमताकै क्षेत्र अर्थात् लेखपढमा सक्रिय भए तापनि व्यथित चाहिँ प्रत्यक्ष राजनीतिक गतिविधिमा संलग्न भए । नेपाली काँग्रेससँग जोडिए । राजनीतिक गतिविधिमा संलग्न व्यथित संगठन विस्तारमा लागे, र सोही क्रममा उनी बीपी कोइराला र कृष्णप्रसाद भट्टराईसँग गुप्त रूपमा काठमाडौँ आए, र पुनः भारत

[२४] "वनारस पुगेको केही महिनापछि (माघदेखि) देवकोटा ... *युगवाणी*को सम्पादक बनाइए, र उनी पत्रिका निकाल्न तल्लीन भए । उनलाई पत्रिका प्रकाशनमा सघाउनेमा बालचन्द्र शर्मा, कृष्णप्रसाद भट्टराई, नारायणप्रसाद उपाध्याय, ईश्वर बराल आदि थिए" (पराजुली सन् २०२१) ।

फर्किए । यता बीपी कोइराला काठमाडौँमा पक्राउ परे, अनि उता व्यथित पनि “झरोखर काण्ड” मा भारतीय जेलमा जाकिए (प्रधान २०४७) ।[२५]

यी दुवै व्यक्तित्वको पलायनलाई उल्लेख गर्दै *साहित्य-स्रोत*मा परिषद्‌का अर्का सक्रिय सदस्य “रत्न” (रत्नध्वज जोशी) ले दुःख व्यक्त गर्दै लेखेका छन्, “जन्मेको पहिलो वर्षभित्रैमा सर्वप्रथम सभापति प्रो. देवकोटाजी र सर्वप्रथम अध्यक्ष श्री ‘व्यथित’ जी एकाएक गायब हुनु भो । मेरा अङ्गको रूपबाट नभए तापनि नेपाली साहित्यको उन्नति श्रीवृद्धि वहाँहरूले अवश्य गर्नु हुनेछ, यो निश्चय छ । तर, आजको यो साधुवाद वहाँहरूको उपस्थितिमा दिन नपाएको हुनाले मनको कुनै एक भाग अँध्यारोको अँध्यारै छ । यहाँहरूको रिक्त स्थानमा अर्कै सुयोग्य साहित्यप्रेमीलाई पाउनु एउटा कुरा हो, आफ्नै एकएक अङ्ग विशेषलाई आफ्नो दृष्टि-पथबाट गुमाएर बस्नु अर्को कुरा हो” (रत्न २००४ : ११२) । संस्थाका मूली वा मूल संस्थापक/परिकल्पनाकार नहुँदा संस्था सञ्चालनमा अप्ठेरो आएको यसले जताउँछ ।[२६]

संस्थाका तीन प्रमुख व्यक्तिमध्ये हृदयचन्द्रसिंह अब काठमाडौँमा करिब एक्लै परे । तर, अन्य सहयोगीहरूको साथ लिएर उनी *साहित्य-स्रोत* प्रकाशनमा उद्यत रहिरहे । साहित्यिक इतिहासकार शिव रेग्मी “आधुनिक नेपाली साहित्यको विकासमा काठमाडौँबाट प्रकाशित शारदा मासिकपछि साहित्य-स्रोतको नै औधी ठूलो महत्त्व रहेको” मान्छन् (रेग्मी २०६३ : २९) । उनका अनुसार *साहित्य-स्रोत*का पहिलो वर्षमा सात र तेस्रो वर्षमा दुई गरी जम्मा नौ अंक निक्लेका थिए (२०६३ : २८) ।[२७]

[२५] तात्कालिक नेपाली राष्ट्रिय कांग्रेसका कार्यकर्ताले छिमेकी भारतका उत्तरवर्ती इलाकामा अड्डा जमाई त्यहाँबाट गुप्त रूपमा नेपाल छिरी सीमा-इलाकाका गाउँ-गाउँमा संगठन निर्माण गर्थे । यसै क्रममा व्यथित रक्सौल नजिक अड्डा जमाएर नेपाली सरहदभित्रको झरोखर गाउँमा संगठन विस्तारमा लागेका थिए । यो कुराको सुराक पाएको नेपाली राणा-प्रशासनले प्रहरीको “वान्टेड लिस्ट” मा रहेका व्यथितहरूलाई पक्राउ गर्न प्रहरी खटायो । प्रहरीसँगको जम्काभेट र धम्काधम्की हुँदा व्यथितले गोली चलाए, र प्रहरी घाइते भयो । उनीहरू भागे, र सीमापारि पुगे । तर, पछि भारतीय प्रहरीले उनी लगायत गणेशमान सिंहहरूलाई पक्राउ गऱ्यो । यो घटनालाई नै “झरोखर काण्ड” भनिन्छ (उपाध्याय २०६०; प्रधान २०४७) । २००७ सालको आन्दोलनपछि गृहमन्त्री बनेका बीपी कोइरालाको अनुरोधपछि व्यथित २००७ सालको अन्तिमतिर भारतीय जेलबाट मुक्त भए (दीक्षित २०६० : ४८२; तुलना गर्नुस् प्रधान २०४७) ।

[२६] यस्तै अप्ठेरो २०१७ सालपछि स्कूल र पुस्तकालयहरूले भोगेका थिए (हेर्नुहोस् पराजुली सन् २०१९) ।

[२७] दोस्रो वर्ष, अर्थात् २००५ भरि, *साहित्य-स्रोत* प्रकाशन भएन । आर्थिक अभाव यसको एउटा प्रमुख कारण देखिन्छ, तर त्यसबाहेक पनि अन्य कारण पनि होलान्, जसबारे अहिले ठोकुवा

मुख्य नेतृत्व संस्थाबाट गायब भए पनि हृदयचन्द्रसिंहहरूले सोही वर्षको मंसिरमा साहित्य सम्मेलन गर्ने योजना बनाए । यसबारे *साहित्य-स्रोत*को चौथो अंकमा प्रकाशित "आगामी साहित्य-सम्मेलन" शीर्षकको सामग्रीमा भनिएको छ, "गत २ गते नेपाली साहित्य परिषद्को एउटा सभा भएको थियो । सभाको मुख्य विषय थियो आगामी 'साहित्य-सम्मेलन' । सर्वसम्मतिबाट निश्चित भयो कि सम्मेलन आगामी मार्ग महीना भित्र गर्ने, तर सम्मेलनमा सुनाइने रचना कार्तिक १ गते सम्ममा परिषद्मा आइपुग्नु पर्छ" (साहित्य-स्रोत २००४ज : ३३) ।

आगामी सम्मेलनमा कहानी र एकांकी नाटक नसुनाउने पनि सो सम्मेलनले निधो गर्‍यो । परिषद्ले कहानी र एकांकीलाई स्थान नदिने निर्णय गरेपछि "एक साहित्य प्रेमी" ले *गोरखापत्र*मा पाठक-पत्र पठाए, जो "योग्य राय" शीर्षकमा छापियो । उनले परिषद्को त्यस्तो कामलाई "अनर्थ भयो !" भन्दै आफ्नो थप राय लेखे, "पक्षपात गरेर कुनै लेखक वा कविको पनि चित्त नदुखाउनू । कहानी नाटक र अरू अरू साहित्यको विषय लेख्ने साहित्यिकको पनि कदर गर्न जानून्" (एक साहित्य प्रेमी २००४ : २) । *साहित्य-स्रोत*का सम्पादक हृदयचन्द्रसिंहले यसपालि सोको प्रत्यूत्तर आफ्नै पत्रिकामा छपाए—"योग्य राय होकि गाली" शीर्षकमा (हृदय २००४ख : ३१–३३) । पत्र प्रेषकलाई असल परामर्शदाता विल्कूलै नभएको र सो उनको कोरा गाली मात्रै भएको सम्पादकले लेखे ।

तर, यसबीच पत्रिका पनि लडखडायो—उठेको चन्दा सक्किँदै गयो । नयाँ खासै थपिएन । आलोचना पनि बढ्यो । मंसिरमा गर्ने भनिएको कवि सम्मेलन समेत आयोजना हुन सकेन । साथै, मुलुकभित्र राजनीतिक/सत्ता परिवर्तन पनि भयो । पद्म शमशेरले जसोतसो संविधान (२००४ सालको) बनाए र माघमा घोषणा समेत गरे । तर, त्यसले कुनै पक्षलाई पनि सन्तोष दिएन (हेर्नुहोस्, पराजुली सन् २०२३क) । संविधान लोकतान्त्रिक नभएकाले नागरिक अधिकारमा जुटेकाहरू त खुशी भएनन् नै, रोलवाला राणाहरू पनि जनतालाई (सीमित) अधिकार दिँदा नाखुश भए ।[२८] पुरातनपन्थी राणाहरूले पद्मलाई सत्ताको बागडोरबाट ओर्लन बाध्य पारे । र सँगै, अनुदारवादी कित्ताका मोहन शमशेर प्रधानमन्त्री बने ।

मोहन शमशेरको सत्तारोहणसँगै संस्था र पत्रिका अगाडि बढ्ने सम्भावना घट्यो । तर, उनीहरूले हार मानेनन्; जगदीश शमशेरलाई साहित्य परिषद्को "प्रधान अध्यक्ष" बनाए । शिक्षा विभागका प्रमुख मृगेन्द्र शमशेरका छोरा जगदीश त्यति बेला भर्खर १९ वर्षका थिए । यससम्बन्धमा असार १, २००५ को *गोरखापत्र*मा प्रकाशित छोटो समाचारमा भनिएको

---

गर्न सकिन्न । २००८ सालतिर *साहित्य-स्रोत*लाई पुनः निकाल्ने तरखर गरिए पनि सो प्रयास सफल भएन (रेग्मी २०६३ : २९) ।

[२८] तात्कालिक समयको राजनीतिक वातावरण र २००४ सालको संविधान उपर गणेशमान सिंहको टिप्पणीका लागि पराजुली (सन् २०२३क) हेर्नुहोस् ।

छ : “ज्येष्ठ २६ गते । नेपाली साहित्यपरिषद्का प्रधान अध्यक्ष केदारमान व्यथितको रिक्त स्थानमा श्री ले.क. जगदीश शमशेर जंग बहादुर राणा निर्वाचित भइबक्स्यो” (गोरखापत्र २००५क : ४; तस्बिर ५) । सम्मेलनको सभापतिमा उनीहरूले अर्का राणा बालकृष्ण शमशेरलाई अगाडि सारे ।[२९] बालकृष्ण सम्मेलनको सभापति र परीक्षक दुवै भए । परिषद्को उपाध्यक्षमा रेणुलाल सिंह र जगदीश शमशेर निरीक्षणमन्त्री रहिरहे । साथै, विजय बहादुर मल्ल प्रचारमन्त्री, त्रिपुरवरसिंह कोषाध्यक्ष र ठाकुरलाल मानन्धर प्रबन्धकमन्त्रीमा चयन भए । परिषद् स्थापनाका लागि निवेदन दिनेमध्येका विजय मल्ल पहिलो समितिमा छुटे पनि यसपालि भने नेतृत्वमा छानिए ।[३०]

परिषद्ले मंसिरमा नसके पनि अर्को वर्ष (२००५) को असारमा तीन दिने (११–१३ गते) कवि सम्मेलन गऱ्यो, त्यो पनि टिकट राखेर । परिषद्ले प्रकाशन गरेको कवि सम्मेलन सम्बन्धी सूचनामा सो सम्मेलनमा करिब १०० जना साहित्यकारले आफ्ना कृति सुनाउने छन् भनिएको थियो (गोरखापत्र २००५ख, २००५ग) । त्रिचन्द्र कलेजस्थित सरस्वती सदनमा हुने सम्मेलनको टिकट “महँगै” थियो—प्रथम श्रेणीको १ दिनको टिकट मूल्य रु. ८ र ३ दिनको २० रुपियाँ । त्यस्तै, द्वितीय श्रेणीको ४ र १० रुपियाँ, तृतीय श्रेणीको १ र २ रुपियाँ तथा चतुर्थ श्रेणीको २५ पैसा र ५० पैसा प्रतिटिकट मूल्य तोकिएको थियो । महिला वर्गलाई थप सहुलियत थियो—३ दिनको जम्मा २० पैसा (गोरखापत्र २००५घ : ४; तस्बिर ६) ।

सरकारी मुखपत्र *गोरखापत्र*ले यसपालि पनि सम्मेलनलाई शुभकामना दियो । सम्पादकीयमा उसले “उपयोगी” र “राजभक्तिपूर्ण” साहित्य तयार गराउन सचेत गर्दै लेख्यो— “उपयोगी र राजभक्तिपूर्ण साहित्य निर्माणद्वारा यो सम्मेलन नेपाल गौरव बढाउने होओस्” (गोरखापत्र २००५ङ : २) । सहभागीहरूलाई पनि उसले सुझावसहित खबरदारी गर्न चुकेन—“आफ्नू उत्तरदायित्वको खयाल राखेर स्वस्थ साहित्यलाई आफ्नु मुलुक सिंगार्ने

[२९] *साहित्य-स्रोत*का अनुसार रिक्त सम्मेलन सभापतिका स्थानमा तीन जनाको नाउँ आएको थियो—लेखनाथ पौड्याल, बालकृष्ण शमशेर र सिद्धिचरण श्रेष्ठ । पहिलो सम्मेलनमा मूर्छा पनि परेका र बृद्ध पनि हुनाले लेखनाथ नछानिएको सम्पादकीयमा लेखिएको छ । तर, सिद्धिचरण नछानिनुको खासै कारण दिइएको छैन । दुवै योग्य भए पनि एक जना मात्र छान्न सकिने हुनाले बालकृष्णलाई छानिएको सम्पादकीयमा उल्लेख छ (साहित्य-स्रोत २००४झ : ३२) । सम्भवतः सिद्धिचरण नछानिनुको एउटा कारण १९९७ सालको काण्डमा उनको पक्राउ थियो । उनी पाँच वर्षपछि २००२ सालमा कारामुक्त गरिएका थिए (श्रेष्ठ २०५२) । बालकृष्ण त राणा भइहाले ।

[३०] राणा शासकहरूसँग राम्रै हिमचिम भएका सुब्बा ऋद्धिबहादुर मल्ल—जोरगणेश प्रेसका मालिक र *शारदा* पत्रिकाका सम्पादक/प्रकाशक—का छोरा हुन् विजय । त्यसैले उनी प्रथमदृष्टिमा शंकाको घेराबाहिर पर्दथे । तर, उनको विपक्षी राजनीतिमा पनि गुप्ती संलग्नता देखिन्छ ।




*तस्बिर ५ : परिषद्को नेतृत्वमा भएको परिवर्तन (साहित्य-स्रोत २००४ढ : च) ।*

काम गरिदिऊन् । केवल कल्पनाको दौडले आकाश छुन मात्र नखोजून् । ... मुलुकलाई सुहाउँदो विशुद्ध साहित्य निर्माण गरून् । आफ्नु स्वार्थप्रचारको साधन साहित्यलाई नबनाऊन् । कसरी आफ्नु सरकार र दुनियाँको भलो हुने हो त्यस्तै साहित्य तयार गर्नमा सबैको हृदय र मस्तिष्क खर्च होओस् । अश्लील र अस्वस्थ विचार प्रकट गर्ने साहित्य हामीहरूमा रहँदै नरहोस्" (गोरखापत्र २००५ङ : २) ।



कविसम्मेलनको सूचना

आषाढ ११, १२, १३ गते सरस्वती सदनमा समारोहसाथ कवि सम्मेलन हुन गइरहेछ। करीब १०० जना कविहरू आफ्ना कविता सुनाउने छन्। टिकट र कार्यक्रमको बिक्री [illegible] हुँदैछ। टिकट १० गतेसम्म मात्र बिक्री हुनेछ। सम्मेलनको शुरु बेलुकी ३ बजे हुनेछ।

टिकटको दर

प्रथम श्रेणी- दिन १ को मा.रु ८।
ऐ तीनै दिनको - २०।
द्वितीय श्रेणी- " " " ४। " " १०।
तृतीय श्रेणी- " " " १। " " २।
चतुर्थ श्रेणी- " " " ।२५ " " ।५०
महिला वर्गलाई तीनै दिनको
१ टिकटको ।१०

—प्रचार मंत्री

*तस्बिर ६ : दोस्रो कवि सम्मेलनको सूचना र टिकटदर (गोरखापत्र २००५घ : ४)।*

सम्मेलन राम्रै चल्यो—“धैरै साहित्यप्रेमीहरूले यसमा भाग लिएका थिए” भन्यो *गोरखापत्र*ले (गोरखापत्र २००५च : २)। अघिल्लो कवि सम्मेलनमा पुरष्कृत भएकाहरूलाई पनि यसपालि पुरस्कार वितरण गरियो। त्यस्तै, शिक्षा विभागका डाइरेक्टर जनरलले पनि भाषण “बक्सेका” थिए। तर, खै किन यसपालि *गोरखापत्र*ले उनको भाषण छापेन। *शारदा*मा पनि यो कवि सम्मेलनलाई सहाएरै सामग्री छापिएको छ। *शारदा*का सम्पादकीय केलाउँदा उसले सदैव सत्ताको तावेदारी गरेको देखिन्छ (पराजुली सन् २००६ख)। यसपालि पनि यसले उसै गऱ्यो; सम्मेलनलाई उल्लेखनीय भन्दै चाकरीपूर्ण कारण पनि दियो—“उल्लेखनीय यसकारणले छ यो कवि सम्मेलन साहित्यका ज्योती रूप श्री जगदीश शमशेर ज.ब.रा.को अध्यक्षतामा र प्रमुख नाटककार तथा कवि श्री बालकृष्ण शमशेर ज.ब.रा.को सभापतित्वमा भएकोले। झन् उल्लेखनीयको कारण यो हो कि श्री ३ महाराजले

विशेष उत्साह प्रदान गरिबक्सेको र श्री डा.ज. मृगेन्द्र शमशेर ज.ब.रा.ले नेपाली साहित्यको उत्थानको खातिर उत्साहित गर्ने ओजस्वी भाषण गरिबक्सेकाले" (रेग्मी २०५८ : ३०६)।

*शारदा*को सम्पादकीयले अगाडि लेख्यो, "तीनै दिन टिकट किन्नेहरूको भीड लागेको थियो। कति मान्छे नपाएर निन्याउरो मुख लगाउँदै फर्के। असाध्य हुल भयो टिकट बेच्नेहरू हूलले थिचिएका थिए रे। सभामा राखिएका एउटा मेचले पनि फुर्सद पाएन यो त देखिएकै कुरा हो। अझ कार्यकर्ताहरूको आँखा छलेर विनाटिकट भित्र पसेर एउटै मेचमा २,२ जना पनि बसेका देखिए" (रेग्मी २०५८ : ३०७)।

तर, समग्रमा सत्ताले यो कवि सम्मेलन रुचाएको जस्तो देखिँदैन, यद्यपि संस्था/सम्मेलनको मूल नेतृत्वमा राणाहरू नै थिए। साथै, विभिन्न निहुँमा संस्थामाथि पनि आक्रमण हुन थाल्यो। पारि बनारसबाट निस्कने म्यागेजिन *उदय*मा "गाउँले भाइ" ले कवि सम्मेलनलाई "कपि" सम्मेलन समेत भने। महँगोमा टिकट बेचेर स्रोतालाई बस्ने पर्याप्त व्यवस्था नगरेको र उभिएर सुन्नु परेको भन्दै व्यवस्थापनको उनले आलोचना गरे। त्यसपछि सम्मेलनमा प्रस्तुत रचना नबुझिने भएको आरोप लगाए, "कविताहरू मेरो गिदीमा चढ्दै चढेन, निंद्रा लाग्दै आयो, अनि सित्तैंमा एक रुपियाँ फ्याँकेको [मा] आफूमाथि रिस पनि उठ्यो।" अर्का कविलाई पनि उनले आलोचना गरे, "अर्को कवि उठे र जँड्याहा ज्यापू कराए झैँ दाह्रा किट्दै मुट्ठी बाट्दै आँखा राता २ पारेर ठूलो २ स्वर गरेर चिच्याउन लागे। अघि आफ्नो गदहे पच्चीसां बाको बाकस फोरेर कलकत्ता जाँदा वहाँ पनि कवि सम्मेलन भएको देखेको थिएँ, तर त्यहाँ त पैसा पनि तिर्नुपरेको थिएन र त्यस्ता कानका पर्दा फाटने कर्णकटु कविता सुन्ने सौभाग्य पनि प्राप्त भएन" (गाउँले भाइ २००४ : ६३)।

*उदय*मा छापिएको आफ्नो "टिप्पणी" मा "गाउँले भाइ" ले परिषद्/सम्मेलनको उछितो काडेका छन्। एउटा सामान्य पाठकको प्रतिक्रिया हुँदो हो त बेनामी आलोचनाको ठूलो महत्त्व हुन्थेन। तर, परिषद्को पतनका लागि हृदयचन्द्रसिंहले "गाउँले भाइ" को आलोचनालाई प्रमुख कारण ठहऱ्याएकाले (हेर्नु तल) यहाँ सो आलोचनालाई अलि विस्तृतमै उद्धृत गर्नु उपयुक्त ठानिएको हो। "गाउँले भाइ" अगाडि भन्छन् :

> यस्तै प्रकारसँग दाह्रा किट्ने र चिच्याउने ठूला ठूला ३।४ कविहरूको पालो सकिएपछि सबैभन्दा ठूला कवि आए। उनलाई सबैभन्दा ठूला कवि भनेको मतलब अरूको भन्दा उनको स्वर ज्यादै ठूलो भएकोले भन्ने कुरा तपाईंलाई भनिरहनु पर्ने होइन। उनको कविता के थियो सिंह गर्जन थियो। सरस्वती सदनमा भनेको कविता भद्रकाली हाउससम्म सुनिएको थियो भन्थे। माइक्रोफोनमा कवि-केशरी कराइरहेका थिए, अगाडि दर्शकहरू रिसले हो वा खुशले आफ्नो हातको चिलाई मारिरहेका थिए। कोही-कोही भलाद्मीहरू "यो क्या हो ? के

> यै कविता हो ? या गर्जन ?"—भन्थे । एउटाले भने—"वाक स्वतन्त्रता!" अनि बल्ल अस्तिनै गो.प.मा श्रीयुत जुंगे दाइले 'बाग् स्वतन्त्र भयो' भन्नुभएको मतलब हाम्रा भाग्यविधाता श्री ३ प्रभूको उदयले दिनप्रति दिन उन्नति हुँदै आएको देशको शान्ति र सुभिक्षलाई खाएर अशान्तिलाई निम्ता गर्ने बाग्हरू स्वतन्त्र भएका रहेछन् भन्ने बुझेँ। साहित्योन्नतिले देशको उन्नति होला भन्ने उद्देश्यले सरकारबाट पाएको यस्तो दुरूपयोग ? ... हामी नेपालीको बुद्धि ! आफ्नो गोडामा आफैले वञ्चराले हानेको ! नेपालीको योभन्दा अर्को दुर्भाग्य कुन होला ? (गाउँले भाइ २००४ : ६४)

सम्मेलनमा पढिएका केही कविताहरू अर्काको चोरी गरिएको आरोप समेत उनले लगाए—"कसैकसैले त पूरा कविता नै हिन्दीका प्रसिद्ध लेखकहरूका रचनाहरूको अविकल अनुवाद गरेर आफूलाई लेखक भनेर घोषणा पनि गरेका रहेछन् भन्ने तिनलाई के भन्ने ? कवि कि कपि ?" (गाउँले भाइ २००४ : ६४) ।

कवि सम्मेलनमा वाक् स्वतन्त्रताको दुरुपयोग गरी मुलुकको शान्ति-सुरक्षामा खलल ल्याउन खोजिएको भनेर "गाउँले भाइ" ले राजनीतिक रङ दिए । यद्यपि, परिषद्ले आयोजना गरेको २००४ र २००५ सालको कवि सम्मेलनले पनि नेपालमा जागृतिको ठूलो लहर ल्याएको हृदयचन्द्रसिंहले दावी गरेका छन् । तर, उनैका अनुसार पनि "पछिल्लो कवि-सम्मेलन देखेर राणा सरकार निकै हडबडाएको थियो । दोषारोपण गरेर परिषद् खत्तम गर्ने विचारले सम्मेलनमा सुनाइएका सारा लेख-कविता जाँच्न भनी सिंहदरबारमा लगिएका थिए । ६ महीनापछि श्री गोपालप्रसाद रिमाल, श्री विजयबहादुर मल्ल श्री पूर्णप्रसाद ब्राह्मण र श्री लीलाध्वज थापा ४ जना कविहरूका कविता जफत गरेर बल्ल-तल्ल फिर्ता दियो । परिषद्लाई पनि सरस्वती सदनबाट निकालेर पठाइदियो" (प्रधान २००७ : १२) ।[३१] राणा सरकारले चाहेको जस्तो भूमिका परिषद् र उसको कवि सम्मेलनले निर्वाह गर्न नसकेको यसबाट प्रस्ट हुन्छ ।

[३१] परिषद्लाई सरस्वती सदनबाट निकालिएको त यसबाट बुझिन्छ । तर, यहाँबाट निस्केपछि सो संस्था कहाँ गयो अथवा कार्यालय कहाँ रह्यो सो थाहा हुन्न । हृदयचन्द्रसिंहले २००५ सालको सम्मेलनमा "मुसालाई वेद पढाउने धुनमा" शीर्षकको निबन्ध पढेका थिए । यो निबन्ध उनको निबन्ध संग्रह *जुँगा*मा संगृहीत छ । निबन्धको अन्त्यमा दिएको टिप्पणीमा लेखिएको छ : "यो निबन्ध २००५ सालको विराट साहित्य-सम्मेलनमा सुनाइएको थियो । त्यस बेलाको सरकारले अनेक आरोप लगाई निकै आपत्ति गर्न खोजेको थियो । छ महीनासम्मको शनि-दृष्टिपछि बल्ल यसले सफाइ पाएको थियो" (प्रधान २००९ख : ६८) ।

ठूलो "परीक्षा समिति" हुँदाहुँदै, संस्थाको प्रमुख र निरीक्षण मन्त्री स्वयं डाइरेक्टर जनरलका छोरा (जगदीश शमशेर) हुँदा पनि सम्मेलनमा पढिएका रचनाहरूमा राजनीतिक गन्ध आउनु परिषद्‌को दीर्घकालीन स्वास्थ्यका लागि चुनौती बन्यो । झन् स्वयं परिषद्‌को नेतृत्वपंक्तिमै रहेका (विजय मल्ल) वा संस्थापक प्रस्तावित गरिएका (गोपालप्रसाद रिमाल) हरूकै रचना "समस्यामूलक" ठहरिनु वा राजनीतिक मानिनुले संस्थाको भविष्य लामो नभएको संकेत गर्दथ्यो । रिमाल र मल्ल दुवै जना २००४ सालमा घोषणा गरिएको र २००५ वैशाखदेखि कार्यान्वयनमा जाने संविधान अनुरूपको अधिकार प्रयोग गर्न जुर्मुराइरहेका थिए, र पछि असोजमा गएर उनीहरूले नेपाल प्रजा पञ्चायत नाउँको संगठन पनि निर्माण गरे (प्रधान २०४७); रिमाल पहिल्यै (२००३ सालमा) पक्राउ परिसकेका थिए भने विजय मल्लचाहिँ पछि (२००५ सालमा) पक्राउ परे (प्रधान २०६६) ।

फलतः परिषद्‌को अवनति प्रारम्भ भयो । तर, उसको अधोगतिमा सत्ताको वक्रदृष्टि प्रमुख नभई *उदय*मा छापिएको "गाउँले भाइ" को कडा टिप्पणी जिम्मेवार रहेको *साहित्य-परिषद्*का सम्पादकको २००६ सालमा ठहर थियो । हृदयचचन्द्रसिंहले लेखेका छन्, "कवि-सम्मेलनको विरोधमा गाउँले भाइको लेख प्रकाशित भएदेखि साहित्य-परिषद्‌लाई चन्दा आउन एकदम कम भयो । 'साहित्य-स्रोत' विशेषमात्रामा साहित्य-परिषद्‌कै निर्भरमा छ । परिषद्‌को आम्दानी घट्यो, त्यसैले 'स्रोत' को गति पनि रोकियो । 'उदय' मा छापिएको गाउँले भाइको 'कवि-सम्मेलनको एक झलक' साहित्य-स्रोतको धारणामा 'स्लो प्वाइजन' ठहरिन गयो" (साहित्य-स्रोत २००६क : ३५) ।[३२] सम्पादकले व्यक्तिविशेषलाई दोष दिए तापनि के कुरा बुझ्नु जरुरी छ भने राणाकालमा, राणा सरकारकै निगाहमा शुरू भएको संस्थाले तात्कालिक सरकारमाथि दोषारोपण गर्नु आफ्नै खुट्टामा बञ्चरो चलाउनु सरह हुने थियो । त्यसैले सम्पादक हृदयचन्द्रसिंहले त्यसो गरेनन् पनि । संस्था चल्न नसक्नुको दोष "गाउँले भाइ" को नकारात्मक टिप्पणीलाई दिई उनले आफ्नो तुष पोखे, जबकि संस्था स्थापनासँग सम्बन्धित व्यक्तिहरूको राजनीतिक सक्रियता अरूभन्दा बढी जिम्मेवार देखिन्छ ।

यसरी सत्ताको वक्रदृष्टि र अन्यको पनि आलोचना हुन थालेपछि संस्थालाई चन्दा आउने स्रोत समेत सुक्यो र, फलतः धिकिर-धिकिर गऱ्यो *साहित्य-स्रोत* पनि । अर्को वर्ष कार्तिक २००७ देखि त जनआन्दोलनको हुण्डरी नै मच्चियो । नेपाली साहित्य परिषद्‌का त्रिमूर्तिमध्ये बाँकी बचेका हृदयचन्द्रसिंह पनि सो हुण्डरीमा परेर जेलमा जाकिए । र, ७५ दिन जेलमा बिताएर आन्दोलन सक्किएपछि मात्र उनी छाडिए (प्रधान २००७, २०११) । त्यस्तै, विजय मल्ल समेत २००५ सालमै पक्राउ परेको कुरा माथि आइसकेको छ । अरू

[३२] *उदय* बनारसबाट निस्कने नेपाली साहित्यिक मासिक पत्रिका हो । नेपाली शासकहरूलाई यसले भारतबाट समर्थन गर्ने गरेको यसका सामग्रीहरूको अध्ययन गर्दा देखिन्छ ।

त अरू, बालकृष्ण शमशेर राणाले समेत आन्दोलनले गति लिइसकेपछि राणाहरूको साथ छाडे, र पक्राउ परे (राणा २०५४) । संस्थाका प्रमुख सञ्चालक मध्येका धेरै जना राजनीतिक गतिविधिमा लागेर विमुख भएपछि संस्था र उसले सञ्चालन गरेका गतिविधि प्रभावित हुनु स्वाभाविकै थियो—भयो पनि । संस्था करिब-करिब अवसान भयो ।

## स्थापना नभएको पहिलो साहित्यिक/पुस्तक पुरस्कार

नेपाली साहित्य परिषद्ले साहित्य विधाका पुस्तकाकार कृतिलाई पुरष्कृत गर्ने लक्ष्य समेत लिएको प्रसंग माथि आइसकेको छ । परिषद् स्थापना गर्दाको २४ बुँदे "अनुमति-पत्र" को सातौँ बुँदामा भनिएको छ : "परिषद्को संचालन सुचारु रूपसित नहोउन्जेललाई सर्वोत्तम ठहरिएका पुस्तकमा एक वर्ष पद्यात्मक रचना र अर्को वर्ष गद्यात्मक रचनालाई पुरस्कार दिने । पछि परिषद्को आमदानी बढेपछि साहित्यका हरेक अंशमा हरएक सर्वोत्तम रचनालाई वर्षेनी पुरस्कार दिने" (गोरखापत्र २००४क : ४, अनुसूची १) ।

परिषद्को पुरस्कार सम्बन्धी योजना महत्त्वाकांक्षी देखिन्छ । शुरूआतमा वर्षेनी एक विधामा पुरस्कार दिने र पछि अन्य विधामा पनि पुरस्कार दिने उसले लक्ष्य लिएको थियो । तर, परिषद्को आफ्नै कोष थिएन, आम्दानीको स्रोत पनि खासै थिएन, त्यसैले उसले पुरस्कार दिने लक्ष्य राखे पनि सो दिन सक्ने स्थिति देखिँदैनथ्यो । यसमा पनि पद्म शमशेर नै उद्धारक बनेर उदाए । उनले नै पुरस्कारका लागि भनेर परिषद्लाई ६०० रुपियाँ छुट्टै चन्दा दिए । "विजेतालाई मो.रु. ६०० को पुरस्कारले पूजा गरिने" निधो गरिएको *साहित्य-स्रोत*को चौथो अंकको एक समाचारमा दिइएको छ (साहित्य-स्रोत २००४ट : ३३) । पद्म शमशेरले चन्दा रकम दिएकाले परिषद्वालाहरूले पद्मकै नाम सो पुरस्कारमा जोड्ने निधो गरे—र, पुरस्कारको नाउँ रोजियो "पद्म-पुरस्कार ।"

पैसाको जोहो भएकाले परिषद्ले २००४ सालमा तत्सम्बन्धी सूचना प्रकाशन गर्‍यो । उसले भन्यो, "२००४ सालदेखि यो पुरस्कार स्थापित भएकोले पुरस्कार पनि २००४ सालमा निस्केको साहित्यिक र कलात्मक दृष्टिले सर्वापेक्षा नवीनतम र मौलिक ठहरिएको उपयोगी पुस्तकलाई दिने सभाको सर्वसम्मतिको आधारमा निश्चित भएको छ" (साहित्य-स्रोत २००४ण : ४६) । यो पुरस्कार २००५ साल ज्येष्ठ २ गते वितरण गर्ने निश्चय भएको *साहित्य-स्रोत*को एक सामग्रीमा जनाइएको छ (साहित्य-स्रोत २००४ट : ३३) । पुरस्कार पाउनका लागि परिषद्ले पहिले १०-१० प्रति पुस्तक आफूकहाँ पठाउन पर्छ (साहित्य-स्रोत २००४ट : ३३; तस्बिर ७) भने पनि पछि सो नियमलाई परिवर्तन गरी लेखक/प्रकाशकलाई १-१ प्रति पुस्तक पठाइदिनु भएमा सजिलो हुने थियो भन्ने आग्रह गरेको थियो ।

पुरस्कार पाउने पुस्तक चयनका लागि परिषद्ले एउटा निर्णय समिति गठन गरी सोमा १५ जना सदस्य नियुक्त गरेको थियो । समितिमा निम्न सदस्यहरू "निर्वाचित"

भएका थिए : १) ईश्वर बराल २) हृषीकेश केशरी शाह ३) खड्गमान मल्ल ४) गोविन्द बहादुर मल्ल ५) जगदीश शमशेर ज.ब.रा. ६) पुष्कर शमशेर ज.ब.रा. ७) बालकृष्ण शमशेर ज.ब.रा. ८) भरत शमशेर ज.ब.रा. ९) यदुनाथ खनाल १०) रत्नध्वज जोशी ११) रामकृष्ण शर्मा १२) लेखनाथ पौड्याल १३) विजय बहादुर मल्ल १४) सिद्धिचरण श्रेष्ठ र १५) हृदयचन्द्रसिंह प्रधान (साहित्य-स्रोत २००४ण : ४६) ।


पद्म-पुरस्कार

'पद्म–पुरस्कार' २००४ सालमा निस्केका साहित्यिक र कलात्मक कृतिमा सर्वापेक्षा सुन्दर र प्रभावशाली ठहरिएको पुस्तकलाई २००५ साल ज्येष्ठ २ गतेदेखि वितरण गर्ने निश्चय भयो । पुरस्कार विजयको इच्छुकले १० प्रति पुस्तक परिषद्मा पठाउनु पर्छ । विजेतालाई मो.रु. ६००। को पुरस्कारले पूजा गरिने छ ।

*तस्बिर ७ : पद्म-पुरस्कार सम्बन्धी शुरूको सूचना (साहित्य-स्रोत २००४ट : ३३) ।*

समितिका सदस्यहरूले बहुमतका आधारमा आफूले पढेका र उत्कृष्ट लागेका पुस्तक चयन गर्न पर्ने हुनाले परिषद्ले आफ्नो निर्णायक समितिका सदस्यलाई बजारमा नयाँ आएका पुस्तक पढ्दै गर्नुहोला भनेर सार्वजनिक अनुरोध समेत गरेको थियो । तर, तात्कालिक समयमा नेपालमा एक वर्षमा निकै कम पुस्तक मात्र प्रकाशन हुन्थे । *साहित्य-स्रोत*मा प्रकाशित एक सूची अनुसार २००४ सालमा जम्मा चार पुस्तक प्रकाशित भएका थिए : *नैनीका राम* (भीमनिधि तिवारी), *तीस रुपैयाँ नोट* (हृदयचन्द्रसिंह), *साहित्यः एक दृष्टिकोण* (हृदयचन्द्रसिंह) र *मेरोआँसु* (कृष्णमञ्जरी) । आफ्नो सूचनामा परिषद्ले “पुस्तकमा लेखिएको तिथिलाई मात्र प्रकाश-तिथि मानिने छ” भनेर उल्लेख गरेको थियो (साहित्य-स्रोत २००४ण : ४६) । साथै, पहिले “नेपाली” लेखक/पुस्तकलाई मात्र पुरस्कृत गर्ने सोच बनाएको परिषद्ले पछि गएर (२००७ सालपछि) “लेखक चाहे नेपाली, चाहे प्रवासी नेपाली वा विभाषी र विदेशी होऊन् ती पुरस्कारका अधिकारी हुन्छन्” भन्ने निर्णय गरेको थियो (प्रधान २००७ : ३) ।

यतिविघ्न तयारी गरे पनि, र पुरस्कारको रकम समेत जुटे पनि परिषद्ले २००४ सालमा कसैलाई पुरस्कार दिएन । न २००५ सालमै कसैलाई दियो । २००५ सालको कवि सम्मेलनपछि त परिषद् स्वयं लड्खडाएको प्रसंग माथि आइसकेको छ । *साहित्य-स्रोत* पनि छापिएन २००५ सालमा । २००६ सालमा पुनः *साहित्य-स्रोत*लाई बौराइयो । २००६ सालको पहिलो अंकमा छापिएको एक सूचनाले २००४ सालको पुरस्कार नबाँडिएको र सो २००६ सालमा बाँड्ने योजना रहेको पुष्टि हुन्छ । परिषद् अध्यक्षको नाउँमा छापिएको उक्त सूचनामा भनिएको छ, "२००४ सालमा प्रकाशित भएका कलात्मक र मौलिक साहित्यका पुस्तक अर्थात् नेपाली साहित्यको निम्ति नयाँ देन ठहरिएका पुस्तकहरूमा प्रथम ठहरिएको पुस्तकलाई पद्म-पुरस्कार दिने मत आगामी आश्विन मसान्तभित्र परिषद्मा आइपुगोस्" (साहित्य-स्रोत २००६ख : ३६) । तर, २००६ सालमा पनि सो पुरस्कार कसैलाई वितरण गरिएन, न २००७ सालमा नै कसैले पद्म-पुरस्कार पायो । २००७ सालमा त जनआन्दोलनको हुण्डरी मच्चियो । अनि साहित्य परिषद्सँग सम्बद्ध सबैजसो कि जेल परे, कि राजनीतिमा लागे । पुरस्कारको, पत्रिकाको कुरा पनि यसै फासफुस भयो ।

जनआन्दोलनले राणा शासनलाई बढारेपछि *साहित्य-स्रोत*का सम्पादक हृदयचन्द्रसिंह *जागरण* साप्ताहिक सम्पादन गर्दै पत्रकारितातर्फ सक्रिय भए । हृदयचन्द्रसिंहले आफ्नो पत्रिका *जागरण*मा सो पुरस्कार बाँड्न नसक्नुमा पब्लिक इन्स्ट्रक्शन्स विभागका डाइरेक्टर जनरल राणा मृगेन्द्र शमशेरलाई दोष दिएका छन् । हृदयचन्द्रसिंहका अनुसार परिषद्ले परीक्षक समिति खडा गरेको भए पनि सो "शिक्षा विभागका भूतपूर्व सञ्चालक श्री मृगेन्द्रशमशेर महोदयजीलाई मञ्जूर नभएको रहेछ, अथवा आफ्नै अधिकारमा राख्ने उहाँको विचार थियो । पिट्ठू हाकिम कारिन्दाहरूले पनि ३ हातको सनद लेखेर पनि सिङपुच्छर नदेखिने गोलमालको सनद लेखी पास गराएछन् । त्यो सनदमा नेपाली साहित्य-परिषद्को नामै छैन । त्यसैले साहित्य-परिषद्लाई रुपियाँ नदिईकन राखेको थियो" (प्रधान २००७ : ३) ।

जनआन्दोलनपछि हृदयचन्द्रसिंहले लेखेको यो अंशले के देखाउँछ भने परिषद्ले गठन गरेको पुरस्कार निर्णय समितिसँग तात्कालिक हाकिम मृगेन्द्र शमशेर नाखुस थिए । पुरस्कार केले, कस्ले पाउने सम्बन्धमा उनी आफ्नै हैकम चाहन्थे । पुरस्कार वितरणका गतिविधि अगाडि बढ्न नसक्नुमा सम्भवतः सो अन्तर्विरोध एउटा प्रमुख कारण रह्यो ।

राणा शासन ढलिसकेपछि २००८ सालतिर सो पुरस्कार ब्युँताउने पुनः प्रयत्न भएको देखिन्छ, किनभने सोका लागि पद्म शमशेरले दिएको ६०० रुपियाँ चन्दा खर्च भैसकेको थिएन । तर, परिषद् मृतप्रायः भैसकेपछि सो रकम नेपाली भाषा प्रकाशिनी समितिको मातहत गएको जस्तो देखिन्छ । पद्म-पुरस्कारको अधिकार उक्त समितिले लिएको खबर *आवाज* पत्रिका (जसको सम्पादक सिद्धिचरण श्रेष्ठ थिए) को अंक २१ र २४ मा निस्केको हृदयचन्द्रसिंहले लेखेका छन् ।

*जागरण*मा छापिएको एक सामग्रीमा हृदयचन्द्रसिंहले समितिका प्रमुखलाई यसरी आरोप लगाएका छन् : "समितिका महाप्रभुले पनि त्यही अधिकार वा तैनाथको लोभमा सत्य र तथ्यलाई जानी-नजानीकन गला घोटेर शिक्षा-मन्त्रीज्यूमा यथार्थ कुरा केही पनि नभनीकन साहित्य-परिषद्को नामसम्म नदिईकन ६०० रुपियाँको पद्म-पुरस्कार समिति आफैंले बोर्ड खडा गरीकन सायद चाकरीबाज या खुशामदी लेखकलाई पुरस्कार दिन शक्ने अधिकार आफ्नो हातमा लिन खोजेको थियो" (प्रधान २००७ : ३) ।

सनदमा परिषद्को नामै नभए पनि "सत्य र तथ्यको मर्यादा राखी पद्म-पुरस्कारको अधिकार" नयाँ शिक्षा-मन्त्री नृपजंग राणाले साहित्य परिषद्लाई नै दिएको खबर *जागरण*ले छापेको थियो । उसले लेखेको छ : "'सनदमा साहित्य परिषद्ले पाउने बोली नभएता पनि वस्तुतः त्यो पुरस्कार-दानको अधिकारी साहित्य परिषद् नै भएको हुनाले साहित्य परिषद्कै जिम्मा दिई साहित्य परिषद्कै प्रबन्धबाट पुरस्कार दिऊन्' भन्ने आदेश शिक्षा मन्त्री श्री नृपजंग राणाले सेक्रेटरी र अधिकारीहरूलाई दिइसक्नु भएको छ भन्ने खबर छ" (जागरण २००८ : ६) । हृदयचन्द्रसिंहले यससम्बन्धमा एकपटक पद्म शमशेरसँग पनि लेखापढी गरेर बुझ्ने (प्रधान २००७ : ४) कुरा लेखे पनि सो काम भए-नभएको थाहा हुन्न । जे भए पनि, २००४ सालदेखि नै प्रदान गरिने भनिएको र रकमको जोहो समेत भएको यो पुरस्कार २००७ सालपछि पनि वितरण भएको कुनै छनक पाइन्न, न माउ संस्था नेपाली साहित्य परिषद् नै पुनःसंघटित वा पुनःजीवित भएकै संकेत पाइन्छ ।

यसरी स्थापनाकालदेखि नै अन्तर्विरोधको भूमरीमा परेको नेपालको "पहिलो" पुस्तक पुरस्कार कहिल्यै बाँडिएन । तर, पुस्तकलाई पुरस्कृत गर्ने "आइडिया" मरेन, जीवितै रह्यो । २०१२ सालमा निजी तवरबाट स्थापित मदन पुरस्कारले झण्डै पद्म-पुरस्कारकै शैली पछ्यायो । र, अद्यापि उक्त पुस्तक पुरस्कार जीवितै छ; पुरस्कार बाँडिइदै छ (पराजुली सन् २०२४) ।

## निष्कर्ष

नेपालको इतिहासको एउटा विशिष्ट कालखण्ड—राणाकाल—को अन्तिम चरणमा नेपाली साहित्य परिषद् नामक साहित्यिक संस्थाको जन्म भयो । बोल्ने, लेख्ने, संगठित हुने जस्ता अधिकार नभएको र अझ सार्वजनिक शिक्षामा समेत नागरिकको पहुँच नियन्त्रित भएको समयमा गैरसरकारी तवरमा साहित्यिक संस्थाको स्थापना हुनु एउटा महत्त्वपूर्ण घटना हो । यो आलेखमा सोही संस्थाको स्थापनाको पृष्ठभूमि, उसका आरोह-अवरोह र अवसानको चर्चा गरियो ।

भर्खरै छिमेकी भारत बेलायतको नियन्त्रणबाट फुस्की स्वतन्त्र भएको, र अन्य छिमेकी मुलुकले पनि स्वातन्त्र्य हासिल गर्ने क्रममा रहेका, तथा नेपालीहरू स्वयं पनि रैतीबाट

नागरिक हुन उद्यत सकसपूर्ण समयमा यो संस्था स्थापना भयो । यतिखेरसम्म नेपालभित्रै पनि नागरिकहरूले यो वा त्यो बहानामा संगठित हुने प्रयत्न गरिरहेका थिए । छिमेकी मुलुकलाई आधार बनाएर राजनीतिक अधिकार प्राप्तिका लागि नेपालीहरू जुटिसकेका थिए; र विराटनगरमा मजदूर आन्दोलन समेत भैसकेको सामाजिक-राजनीतिक पृष्ठभूमिमा परिषद्ले स्वरूप ग्रहण गरेको थियो ।

यो संस्थामा प्रारम्भिक चरणमा संलग्न भएका "एक्टर" हरूको पृष्ठभूमि केलाउँदा यी व्यक्ति राजनीतिक रूपमा सचेत (केही त जेलनेल भोगेका र संगठन गरेका पनि थिए) र पर्याप्त सामाजिक पूँजी/वैधता हासिल गरेका देखिन्छन् । यही समय राजनीतिक अभिष्टका साथ सामाजिक-राजनीतिक अभियन्ताहरूले सामुदायिक विद्यालय या पुस्तकालय स्थापना गरेको पाइन्छ (हेर्नुहोस्, पराजुली सन् २००८, सन् २०१९) । तथापि, यो संस्थाको त्यस्तै गूढ राजनीतिक उद्देश्य भएको कम्तिमा प्रकट रूपमा कसैले लेखेको पढ्न पाइएको छैन । प्रत्यक्ष "राजनीतिक" उद्देश्य नबोकेको भए पनि छिमेकी भारतमा नेपालीभाषी र अन्यन्य भाषीहरूले पनि स्वभाषा र जाति-उन्नतिका लागि संस्था र पत्रिका स्थापना गरेको देखे-सुनेका यी अभियन्ताले पनि आफ्नो मुलुकमा सोही गोरेटो पछयाउँदै यो संस्था स्थापना गर्न खोजेको देखिन्छ । र, संगठित हुँदै र अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्दै सार्वजनिक वृत्तलाई विस्तारित गर्नेतर्फ उनीहरू उद्यत रहेको देखिन्छ ।

अर्कोतर्फ, शासकवर्ग र मुख्य गरी पद्म शमशेरलाई नेपालमा नागरिक अधिकार छैन, राजनीतिक स्वतन्त्रता छैन भन्ने विरोधीहरूको बहुप्रचारित आरोपलाई भ्वाङ पार्नु जरुरी थियो । वैधानिक सुधार गर्ने घोषणा, सार्वजनिक शिक्षामा खुलापन, रेडियो स्टेशनको स्थापना, *गोरखापत्र*को विस्तार जस्ता गतिविधि मार्फत पद्म शमशेर आफूलाई उदारवादी र नेपाल उन्नतिशील र सुधारोन्मुख छ भन्ने देखाउन चाहन्थे । सोही क्रममा जब साहित्यिक संस्था स्थापना गर्न सामाजिक क्षेत्रबाट प्रस्ताव पुग्यो, उनले स्वीकृति दिए, र आर्थिक सहयोग समेत गरे । यद्यपि, संस्थामा हुन सक्ने सम्भावित सत्ता-विरोधी राजनीतिक (र धार्मिक पनि) गतिविधिहरूप्रति शासक वर्ग सचेष्ट रहेको देखिन्छ—सो कुरा संस्थाको लिखतमा र शासकको भाषणमा पनि व्यक्त भएको छ ।

जे-जसो कारणले भए पनि नेपालमा पहिलो गैरसरकारी क्षेत्रको साहित्यिक संस्था सरकारी स्वीकृतिमा २००४ सालको प्रारम्भमा शुरू भयो । स्थापनासँगै तीन-दिने बृहत् साहित्य-सम्मेलन गरेर, र साहित्यिक पत्रिका समेत लगातारै जस्तो छापेर केही गर्ला जस्तो छनक दिएको संस्था चाँडै नै लडखडायो । संस्थालाई पहिलो धक्का त्यसबेला पर्‍यो जतिबेला यसका दुई प्रमुख आधारस्तम्भ केदारमान व्यथित र लक्ष्मीप्रसाद देवकोटा संस्था स्थापनाको केही महिनामै भारततर्फ हिंडे । त्यसबाहेक, अर्का मुख्य व्यक्ति गोपाल प्रसाद रिमाल, र विजय मल्लले पनि आफ्नो राजनीतिक सक्रियताका कारण जेल जीवन बिताउनु पर्‍यो ।

प्रमुख हर्ताकर्ता नै हराए भएपछि संस्थाको भविष्य यसै धरमर हुने थियो, त्यसमाथि उनीहरू विपक्षी कित्तामा सक्रिय हुँदा संस्थालाई थप शंकाको नजरले हेरिने भयो (तुलना गर्नुहोस्, पराजुली सन् २०१९) । भर्खरै खोलेको संस्थालाई संस्थापकद्वयले यसै छाडेर जानुमा आन्तरिक र बाह्य राजनीतिक वातावरण कारक देखिन्छ, किनभने यता नेपालमा अलिअलि देखिएको खुलापनमा फेरि अंकुश लाग्नेजस्तो देखिएको थियो (मोहन शमशेरहरूको बढ्दो शक्ति र पद्म शमशेरको घट्दो प्रभावका कारण) भने उता भारतमा स्वतन्त्रताको उल्लास छाउँदो थियो। नेपालमा २००४ साल माघमा नयाँ संविधान त बन्यो, तर त्यसले ठूलो परिवर्तनको कुनै छनक दिएन । अलि उदारवादी मानिएका प्रधानमन्त्री पद्म शमशेर स्वयं भारतमा पलायन भए र नयाँ शासकमा अनुदारवादी मोहन शमशेर आए । यसपछि राणा कुलका सदस्यहरूलाई नै संस्थाको नेतृत्व दिई संस्थाले जसोतसो साहित्य सम्मेलन आयोजन त गऱ्यो, तर त्यहाँ पढिएका सामग्री पनि शंकाको घेरामा परे । संस्थालाई आक्रमण हुन थाल्यो, र संस्थामा शैथिल्य आयो । केही समयपछि (२००७ सालमा) त नेपालमा जनक्रान्ति सम्पन्न भई राणा शासन नै बढारियो ।

२००७ सालको आन्दोलनपछि संस्थाका तीन मुख्य खम्बा र अन्य सदस्य पनि काठमाडौँमा उपलब्ध त भए, तर ती एक ठाउँमा आएनन् । संस्थाका प्रमुख व्यक्तिमध्येका हृदयचन्द्रसिंह जनआन्दोलन क्रममा गिरफ्तार भई जेल परेका थिए । उनी रिहा हुनेबित्तिकै *जागरण* साप्ताहिक पत्रिका मार्फत जनतामा जागृति फैलाउन लागे । संस्थाका अर्का खम्बा केदारमान व्यथित भारतीय जेलमा थिए, र शासन परिवर्तनपछि गृहमन्त्री बनेका बीपी कोइरालाले लेखापढी गरेपछि भारतीय जेलबाट रिहा भएर २००८ सालमा काठमाडौँ फर्किए र राजनीतिमै सक्रिय रहे । देवकोटा त झन् अघि (२००६ सालको दशैँताक) नै घर (काठमाडौँ) फर्किसकेका थिए (बन्धु २०४६; भट्टराई २०५५) । त्यस्तै, विजय मल्ल कांग्रेसको राजनीतिमा सक्रिय भए भने सिद्धिचरण *आवाज* दैनिक प्रकाशन गर्नेतर्फ लागे । यसरी २००८ सालसम्ममा नेपाली साहित्य परिषद्का प्रोमोटर र संस्थापकहरू पुनः राजधानीमा जुटे पनि साहित्य सम्मेलन मऱ्यो ।[३३] नेपाली साहित्य परिषद् (संस्था) पनि कोमाबाट ब्युँतिएन । संस्थाले स्थापना गर्ने भनेको पुरस्कार समेत एकै पटक पनि कसैलाई नदिई बन्द भयो । पछि परिषद्ले प्रकाशन गर्ने पत्रिका, *साहित्य-स्रोत,* बिउँताउने प्रयास भयो । तर, त्यो पनि चिर निद्राबाट जाग्न सकेन । यसरी नेपालभित्र राणाकालमा खुलेको नागरिक समाजको प्रारम्भिक अवयवमध्येको एउटा साहित्यिक संस्था असमय काल कवलित भयो । र, इतिहासका पानाको पादटिप्पणीमा सीमित रह्यो ।

[३३] यद्यपि, नेपाली साहित्य परिषद्सँग प्रारम्भमा गाँसिएका व्यक्तिहरू २००७ सालपछि पुनः सोही संस्थालाई अगाडि बढाउन नजुटे पनि उनीहरू सबैजसो बहुदल कालमा बग्रेल्ती खुलेका विभिन्न संघ-संस्थामा जोडिएर सार्वजनिक जीवनमा सक्रिय रहिरहे ।

नेपालको पहिलो साहित्यिक संस्थाको भौतिक स्वरूप नामेट भए पनि जसरी यो संस्थाले स्थापना गरेको तर बाँड्न नसकेको पुस्तकलाई पुरस्कृत गर्ने अवधारणा जीवित रहिरह्यो, त्यसरी नै समान विचारधारा बोक्ने नागरिकहरू एकगठ भएर सामूहिक कर्म गर्ने अवधारणाले पनि जरा हाल्दै गयो । खास गरी २००७ सालको राजनीतिक परिवर्तनपछि खुलेका अनेकौँ त्यस्ता संस्थालाई यसले वैचारिक आधारभूमि समेत प्रदान गऱ्यो । एउटा साहित्यिक संस्था मुर्झायो, तर अनेक थरि साहित्यिक-सांस्कृतिक-सामाजिक-व्यावसायिक संघ-संस्था गठन भए—नाटक संघ, लेखक संघदेखि सांस्कृतिक परिषद्, सांस्कृतिक संघसम्म; मृत्यु-संस्कार संस्था, गाउँ-सुधार संघ, महिला संघदेखि ड्राइभर संघ, जागिरदार संघ, पत्रकार संघसम्म । २००७ सालपछि संघटित यी विभिन्न रूप र रंगका संस्था अनेक थरि वैचारिक र सामूहिक कर्म गरेका थिए, जसका कारण सो समय (वि.सं. २००७–२०१७ को दशक) लाई कमल प्रकाश मल्लले "डिकेड अफ एक्स्ट्रोभर्शन" भनेका छन् । यी यावत संघ-संस्थाले समष्टिमा नेपालको प्रारम्भिक सार्वजनिक वृत्तलाई विस्तार गरे, गति दिए ।[३४] एउटा लोकतान्त्रिक समाजमा हुनुपर्ने जीवन्तताका झिल्का तिनले प्रदान गरे ।

## धन्यवाद

यो लेख तयार गर्ने क्रममा सघाउने र यसका अघिल्ला मस्यौदामा टिप्पणी गर्ने समीक्षकहरू सबैलाई धन्यवाद । खास गरी प्रत्यूष वन्त, देवेन्द्र उप्रेती, चैतन्य मिश्र, राजेन्द्र महर्जन, विमल आचार्य, रविन गिरीप्रति उहाँहरूका सल्लाह-सुझावका लागि आभारी छु । यो लेखका केही अंश यसअघि *संकथन* र *कान्तिपुर* (कोसेली) मा प्रकाशन भएका छन् । यो अनुसन्धानको मस्यौदा मार्टिन चौतारीमा प्रस्तुत हुँदा सो छलफलमा सहभागी भई टिप्पणी गर्ने सहभागीहरूलाई पनि धन्यवाद छ । लेखमा बाँकी बचेका कमी-कमजोरी मेरै हुन् ।

## सन्दर्भ सामग्री

उपाध्याय, गोविन्दप्रसाद । २०५४क । साहित्य परिषद्को चहलपहल र कवि 'व्यथित' । *नेपालको प्रजातान्त्रिक इतिहास-सन्दर्भ* । पृ. १६६–१६८ । काठमाडौँ : रत्न पुस्तक भण्डार ।

[३४] त्यस बखत खुलेका संघ-संस्थाबारे, तिनले सार्वजनिक वृत्त विस्तारमा निर्वाह गरेको भूमिकाबारे गहन काम हुन अझै बाँकी छ । तर, तात्कालिक केही संस्थाबारे थोरबहुत लेखिएका छन् (उदाहरणका लागि, शर्मा २०४८ख; पन्त २०५९) भने केहीको हकमा अलि गहन अध्ययन (उदाहरणका लागि, पन्थी सन् २०२०; उप्रेती सन् २०२४; वन्त प्रकाशोन्मुख) पनि भएका छन् ।

उपाध्याय, गोविन्दप्रसाद । २०५४ख । *नेपालको प्रजातान्त्रिक इतिहास-सन्दर्भ* । काठमाडौँ : रत्न पुस्तक भण्डार ।

उपाध्याय, गोविन्दप्रसाद । २०६० । झरोखर काण्ड । *कवि व्यथित स्मृति ग्रन्थ* । कृष्णचन्द्रसिंह प्रधान, सं., पृ. ५३४–५३८ । काठमाडौँ : व्यथित-सिन्धु प्रतीभा सम्मान कोष ।

उप्रेती, देवेन्द्र । सन् २०२४ । पूर्वी नेपालको शैक्षिक विस्तारमा महानन्द सापकोटा र नेपाली भाषा प्रचारक संघ (वि.सं. १९९३–२०१३) । *समाज अध्ययन* १९ : ६३–१३४ ।

एक साहित्य प्रेमी । २००४ । 'योग्य राय' । *गोरखापत्र*, असोज २२, पृ. २ ।

एम्.ए., पूर्णबहादुर । २०५५ । देवकोटाज्यूको अभाव । *महाकवि देवकोटाका आनीबानी* । घटराज भट्टराई, सं., पृ. १३४–१३७ । काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान ।

कपिल, लवबहादुर । २००६ । विकासतिर लम्केको : समालोचनात्मक निबन्ध । *उद्योग* १४(४–५) : ३–८ ।

कोइराला, जीवनचन्द्र । २०६१ । नेपालका अग्रणी समाजसेवी तुलसीमेहेर श्रेष्ठ : एक शब्दचित्र । *तुलसीमेहेर श्रेष्ठ स्मृतिग्रन्थ* । जीवनचन्द्र कोइराला, सं., पृ. ४–५८ । काठमाडौँ : नेपाल चर्खाप्रचारक गान्धी-तुलसीस्मारक महागुठी ।

गाउँले भाइ । २००५ । एउटा गाउँलेको दुःखद उद्गार : कविसम्मेलनको एकझलक । *उदय* १२(१) : ६३–६४ ।

गोरखापत्र । २००३क । "योग्यं योग्याय" । असार २१, पृ. २ ।

गोरखापत्र । २००३ख । पाँच जना पक्रिए । चैत १५, पृ. १ ।

गोरखापत्र । २००३ग । श्री ३ महाराजको दयाले भिजेको इन्साफ । चैत २२, पृ. १ ।

गोरखापत्र । २००४क । नेपाली साहित्य परिषद् र नेपाली साहित्यस्रोत (मासिक पत्रिका) । वैशाख ३, पृ. ४ ।

गोरखापत्र । २००४ख । नेपाली साहित्य परिषद् (सम्पादकीय) । वैशाख ८, पृ. २ ।

गोरखापत्र । २००४ग । विज्ञापन-निवेदन । वैशाख २९, पृ. ४ ।

गोरखापत्र । २००४घ । नेपाली साहित्य परिषद्‌को उद्घाटन । जेठ ३, पृ. ४ ।

गोरखापत्र । २००४ङ । नेपाली सहित्य परिषद्‌को उद्घाटन हुँदा शिक्षा विभागका डाइरेक्टर जनरल साहेबबाट बक्सेको भाषण । जेठ ६, पृ. १ ।

गोरखापत्र । २००४च । नेपाली कविसम्मेलन । जेठ १७, पृ. १ ।

गोरखापत्र । २००४छ । 'प्रार्थना' को प्रतिवाद । असार ११, पृ. २ ।

गोरखापत्र । २००५क । प्रधान अध्यक्षमा निर्वाचित । असार १, पृ. ४ ।

गोरखापत्र । २००५ख । कविसम्मेलन । असार ५, पृ. ४ ।

गोरखापत्र । २००५ग । सूचना । असार ८, पृ. ४ ।

गोरखापत्र । २००५घ । कविसम्मेलनको सूचना । असार १०, पृ. ४ ।

गोरखापत्र । २००५ङ । कविसम्मेलन । असार १२, पृ. २ ।

गोरखापत्र । २००५च । नेपाली कविसम्मेलन । असार १७, पृ. २ ।

गौतम, राजेश । २०४६ । *नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रजापरिषद्को भूमिका* । काठमाडौँ : लेखक ।

गौतम, राजेश । २०५७ । *प्रचण्ड गोरखा : एक अध्ययन (वि.सं. १९८८–२००७)* । काठमाडौँ : नेपाल तथा एशियाली अध्ययन केन्द्र ।

गौतम, रामचन्द्र । २०६० । कवि व्यथितको राजनीतिक र साहित्यिक जीवन । *कवि व्यथित स्मृति ग्रन्थ* । कृष्णचन्द्रसिंह प्रधान, सं., पृ. ५१६–५२४ । काठमाडौँ : व्यथित-सिन्धु प्रतीभा सम्मान कोष ।

घिमिरे, जगदीश, सं. । २०६८ । *कृष्णलालको मकैको खेती* । ललितपुर : जगदम्बा प्रकाशन ।

ज.ब.रा., भरत शमशेर । २००४ । नेपाली साहित्य परिषद्प्रति । *साहित्य-स्रोत* १(१) : ३७–३८ ।

जागरण । २००८ । पद्म-पुरस्कार वितरणको अधिकारी ने. साहित्य-परिषद् नै हो : श्री शिक्षामन्त्रीको न्यायपूर्ण व्यवहार । *जागरण* १(३५) : ६ ।

जोशी, होराप्रसाद । २०६३ । *नबिर्सने ती दिनहरू : आत्म-संस्मरण* । काठमाडौँ : श्रीमती जमुनाबाबा जोशी ।

ठाकुरदास । २००४ । साहित्य सम्मेलन । *गोरखापत्र*, जेठ २२, पृ. २ ।

तिवारी, भीमनिधि । २०७९ । *आत्मजीवनी* । काठमाडौँ : फिनिक्स बुक्स ।

तुलाधर, दमनराज । २०३९ । *दमनराज तुलाधर* । काठमाडौँ : संग्रह प्रकाशन ।

थापा, धर्मराज । २०६० । कामनाका थुँगा । *कवि व्यथित स्मृति ग्रन्थ* । कृष्णचन्द्रसिंह प्रधान, सं., पृ. ५८–६६ । काठमाडौँ : व्यथित-सिन्धु प्रतीभा सम्मान कोष ।

दीक्षित, मदनमणि । २०६० । व्यथित चरित्रका दुई पृथक् राजनीतिक पक्ष । *कवि व्यथित स्मृति ग्रन्थ* । कृष्णचन्द्रसिंह प्रधान, सं., पृ. ४८०–४९२ । काठमाडौँ : व्यथित-सिन्धु प्रतीभा सम्मान कोष ।

पन्त, नयराज । २०५९ । *हाम्रो उद्देश्य र कार्यप्रणाली* । काठमाडौँ : खिलशर्म-राजीवलोचनजोशीस्मारक-प्रतिष्ठान ।

पन्थी, अर्जुन । सन् २०२० । नेपाल सांस्कृतिक संघ : लोकतन्त्रमा हुर्किएको स्थानीय चौतारी । *लोकतन्त्रमा नागरिक समाज : २५ वर्षको समीक्षा* । हर्षमान महर्जन, देवराज हुमागाईं, प्रत्यूष वन्त, लोकरञ्जन पराजुली र देवेन्द्र उप्रेती, सं., पृ. ४१९–४४८ । काठमाडौँ : मार्टिन चौतारी ।

पराजुली, रमेश । सन् २००६क । सार्वजनिक पुस्तकालयको राजनीति : ऐतिहासिक सिंहावलकोन । *रूपान्तरण* ३ : १–१८ ।

पराजुली, रमेश । सन् २००६ख । *शारदा*मा नेपाली राजनीतिको प्रतिबिम्ब । *कान्तिपुर*, फेब्रुअरी ५, पृ. ७ ।

पराजुली, लोकरञ्जन । सन् २०२१ । महाकवि देवकोटा र जन-प्रकाशनालय । *नयाँ पत्रिका* (झन् नयाँ), अगष्ट २१, पृ. ६ ।

पराजुली, लोकरञ्जन । सन् २०२३क । नेपालको पहिलो संविधान (वि.सं. २००४) उपर गणेशमान सिंहको टिप्पणी । *समाज अध्ययन* १८ : २६९–३१४ ।

पराजुली, लोकरञ्जन । सन् २०२३ख । नेपालको पहिलो साहित्यिक संस्था । *संकथन : मन्थनमाला २०८०* । पृ. १७४–१७६ । काठमाडौँ : नीरज भारी ।

पराजुली, लोकरञ्जन । सन् २०२४ । त्यो पहिलो पुस्तक-पुरस्कार, जुन कहिल्यै बाँडिएन । *कान्तिपुर* (कोसेली), जनवरी २७, पृ. ख ।

पौडेल, यमनाथ । २०४९ । सु. ऋद्धिबहादुर मल्लको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन । एमए नेपाली शोधपत्र । त्रिभुवन विश्वविद्यालय ।

प्रधान । २००७ । पद्म-पुरस्कार । *जागरण* १(७) : ३–४ ।

प्रधान, कुमार । सन् १९८२ । *पहिलो पहर* । दार्जिलिङ : श्याम प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह । २०५५ । देवकोटा : केही स्मृति-बिम्ब । *महाकवि देवकोटाका आनीबानी* । घटराज भट्टराई, सं., पृ. ५८–६७ । काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह, सं. । २०६० । *कवि व्यथित स्मृति ग्रन्थ* । काठमाडौँ : व्यथित-सिन्धु प्रतीभा सम्मान कोष ।

प्रधान, चैतन्य । २०६६ । विजय दाइका बारेमा अहिले यत्ति । *विजय मल्ल स्मृतिग्रन्थ* । चैतन्य प्रधान, सं., पृ. १–२९ । काठमाडौँ : विजय मल्ल स्मृति समाज ।

प्रधान, भुवनलाल । २०४७ । *नेपालको जनक्रान्ति २००७* । काठमाडौँ : रुमु प्रकाशन ।

प्रधान, हृदयचन्द्रसिंह । २००० । *चिह्न-परिचय* । काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

प्रधान, हृदयचन्द्रसिंह । २००४ । *साहित्य : एक दृष्टिकोण* । काठमाडौँ : नेपाली साहित्य परिषद् ।

प्रधान, हृदयचन्द्रसिंह । २००७ । नेपालमा जन-जागृति र राणाशाहीको अन्त । *जागरण* १(१) : ९–१३ ।

प्रधान, हृदयचन्द्रसिंह । २००९क । *जुँगा* । काठमाडौँ : साथीहरू ।

प्रधान, हृदयचन्द्रसिंह । २००९ख । मूसालाई वेद पढाउने धुनमा । *जुँगा* । पृ. ६३–६८ । काठमाडौँ : साथीहरू ।

प्रधान, हृदयचन्द्रसिंह । २०११ । *कुरा साँचो हो* । काठमाडौँ : भीम बहादुर श्रेष्ठ ।

बन्धु, चूडामणि । २०४६ । *देवकोटा* । काठमाडौँ : साझा प्रकाशन ।

बस्नेत, पुरुषोत्तम । २०६६क । *नेपाली काँग्रेसको इतिहासको प्रारूप* । भाग १ । काठमाडौँ : लेखक ।

बस्नेत, पुरुषोत्तम । २०६६ख । विजय मल्लको जीवनी र व्यक्तित्व । *विजय मल्ल स्मृतिग्रन्थ* । चैतन्य प्रधान, सं., पृ. ९१–९८ । काठमाडौँ : विजय मल्ल स्मृति समाज ।

भट्टराई, शरद्चन्द्र शर्मा । २०५५ । मेरा साहित्य गुरु : लक्ष्मीप्रसाद देवकोटा । *महाकवि देवकोटाका आनीबानी* । घटराज भट्टराई, सं., पृ. २४८–२५७ । काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान ।

मल्ल, समरबहादुर । २०६६ । श्री विजय दाइ । *विजय मल्ल स्मृतिग्रन्थ* । चैतन्य प्रधान, सं., पृ. ३२–५३ । काठमाडौँ : विजय मल्ल स्मृति समाज ।

महर्जन, राजेन्द्र । २०७१ । बुद्धको देशमा 'असिल हिन्दुस्तान' । *कान्तिपुर,* कात्तिक १८, पृ. ६ ।

रत्न । २००४ । मेरो दुःख-सुख । *साहित्य-स्रोत* १(६–७) : ११२–११३ ।

राणा, डायमन शमशेर । २०५४ । सात सालको क्रान्ति र बालकृष्ण दाइ । *एउटा अमर प्राज्ञ : बालकृष्ण सम* । नरेन्द्रराज प्रसाईं र इन्दिरा प्रसाईं, सं., पृ. २२५–२२७ । काठमाडौँ : बालकृष्ण सम फाउण्डेशन ।

राणा, जगदीश शमशेर । २०७१ । स्वनामधन्य युगकवि । *युगकवि सिद्धिचरण शताब्दी स्मृति ग्रन्थ* । मोदनाथ प्रश्रित, सं., पृ. १२५–१२७ । काठमाडौँ : युगकवि सिद्धिचरण प्रतिष्ठान ।

रेग्मी, शिव, सं. । २०५८ । *'शारदा' का सम्पादकीय विचारहरू (१९९१–२०२०)* । काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

रेग्मी, शिव । २०६३ । नेपाली साहित्य परिषद् र साहित्य-स्रोत । *अतीतका पाना : केही नेपाली साहित्यिक पत्रपत्रिका* । पृ. २८–३१ । काठमाडौँ : रत्न पुस्तक भण्डार ।

व्यथित, केदारमान । २०५५ । महाकवि देवकोटा : केही रोचक घटनाहरू । *महाकवि देवकोटाका आनीबानी* । घटराज भट्टराई, सं., पृ. ५४–५७ । काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान ।

व्यथित, केदारमान । २०७१ । कविवर सिद्धिचरण : एक सच्चा कवि । *युगकवि सिद्धिचरण शताब्दी स्मृति ग्रन्थ* । मोदनाथ प्रश्रित, सं., पृ. ५१–५२ । काठमाडौँ : युगकवि सिद्धिचरण प्रतिष्ठान ।

शर्मा, रमा । २०४८क । प्रजातन्त्रपूर्वको साहित्यसम्मेलन : एक चर्चा । *केही चिन्तन* । पृ. ७–१५ । काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, रमा । २०४८ख । आदरणीय भाषासेवी । *केही चिन्तन* । पृ. १३३–१४९ । काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, सिद्धिचरण । २०५२ । *कारागारका सम्झना* । सरुभक्त, सं. । काठमाडौँ : चारू श्रेष्ठ ।

संग्रौला, खगेन्द्र । २०५४ । सम : एक विषम चित्र । *एउटा अमर प्राज्ञ : बालकृष्ण सम* । नरेन्द्रराज प्रसाईं र इन्दिरा प्रसाईं, सं., पृ. १०७–११२ । काठमाडौँ : युगकवि सिद्धिचरण प्रतिष्ठान ।

साहित्य-स्रोत । २००४क । नेपाली साहित्य परिषद्का प्रधान अध्यक्ष केदारमान "व्यथित" ले २००४ साल ज्येष्ठ २ गते भएको साहित्य परिषद्को उद्घाटनमा दिनु भएको वक्तव्य । १(१) : ३९–४२ ।

साहित्य-स्रोत । २००४ख । नेपाली साहित्य परिषद्का उद्घाटन हुँदा शिक्षा विभागका डा.ज. श्रीमृगेन्द्रशमशेर ज.ब.रा. साहेबबाट बक्सेको भाषण । १(१) : ४३–४५ ।

साहित्य-स्रोत । २००४ग । नेपाली साहित्य परिषद्लाई चन्दादिने दाताहरू । १(१) : ५० ।

साहित्य-स्रोत । २००४घ । परिषद्का कार्यकारीहरू । १(१) : अन्तिम आवरण पृष्ठ ।

साहित्य-स्रोत । २००४ङ । सम्पादकको कलम : साहित्य-सम्मेलन । १(२) : ६२–६६ ।

साहित्य-स्रोत । २००४च । नेपाली साहित्य परिषद्लाई चन्दादिनेहरूको नाम । १(२) : ६७ ।

साहित्य-स्रोत । २००४छ । भूल सुधार । १(३) : ३७ ।

साहित्य-स्रोत । २००४ज । नेपाली साहित्य परिषद्लाई चन्दा दिनेहरूको नाम । १(३) : अन्तिम आवरण पृष्ठ ।

साहित्य-स्रोत । २००४झ । सम्पादकको कलम : परिषद्का नयाँ सभापति । १(४) : ३१–३३ ।

साहित्य-स्रोत । २००४ञ । आगामी साहित्य-सम्मेलन । १(४) : ३३ ।

साहित्य-स्रोत । २००४ट । पद्म-पुरस्कार । १(४) : ३३ ।

साहित्य-स्रोत । २००४ठ । गत २००४ साल ज्येष्ठ १५ गतेको प्रथम कवि सम्मेलनको प्रतिस्पर्द्धामा पहिला भएका कृति र कृतिकारहरू । १(५) : ३४ ।

साहित्य-स्रोत । २००४ड । सम्पादकको कलम : कवि-सम्मेलन । १(६–७) : १०३–१०९ ।

साहित्य-स्रोत । २००४ढ । नेपाली साहित्य परिषद्का केही कार्यकारीहरू । १(६–७) : च ।

साहित्य-स्रोत । २००४ण । पद्म-पुरस्कार । १(८–९) : ४६ ।

साहित्य-स्रोत । २००६क । सम्पादकको कलम : 'साहित्य-स्रोत' को पुनर्जीवन । ३(१) : ३३–३६ ।

साहित्य-स्रोत । २००६ख । पद्म-पुरस्कार-समितिका सदस्यहरूमा सूचना । ३(१) : ३६ ।

सूर्यबहादुर । २००४ । प्रार्थना । गोरखापत्र, असार ४, पृ. ३ ।

हृदय । २००४ । सम्पादकको कलम : पद्म-पुरस्कार । *साहित्य-स्रोत* १(३) : ३५–३७ ।

हृदय । २००४ । सम्पादकको कलम : 'योग्य राय' होकि गाली ? *साहित्य-स्रोत* १(५) : ३१–३३ ।

Chalmers, Rhoderick. 2003. 'We Nepalis': Language, Literature and the Formation of a Nepali Public Sphere in India, 1914–1940. PhD diss., SOAS, University of London.

Onta, Pratyoush. 1996. Creating a Brave Nepali Nation in British India: The Rhetoric of *Jāti* Improvement, Rediscovery of Bhanubhakta and the Writing of *Bīr* History. *Studies in Nepali History and Society* 1(1): 37–76.

Onta, Pratyoush. Forthcoming. Visions of Rejuvenating Nepal Through Knowledge Creation and Circulation: The Short Life of Nepal Sanskritik Parishad.

Parajuli, Lokranjan. 2008. From Subjects to Citizens: The Formative Stage of Political Formations in Pokhara. *Studies in Nepali History and Society* 13(2): 361–388.

Parajuli, Lokranjan. 2009. Historical Evolution of Civil Society: Pokhara (1949–1972). PhD diss., University of Bielefeld.

Parajuli, Lokranjan. 2019. Where Interests Collided: Examining the Conflictual Relationship Between the Nepali State and Its Citizens Through the History of Public Libraries. *South Asia: Journal of South Asian Studies* 42(5): 954–970.

Uprety, Prem R. 1992. *Political Awakening in Nepal: The Search for a New Identity*. New Delhi: Commonwealth Publishers.

## लेखक परिचय

**लोकरञ्जन पराजुली** ऐतिहासिक समाजशास्त्री हुन् । उनको सम्पादन/सहसम्पादनमा एक दर्जन पुस्तक प्रकाशित छन् । उनले नेपालको शिक्षा, मिडिया, पुस्तकालय, राजनीति, सिनेमा, नागरिक समाज, आदिबारे लेखेका सामग्री विभिन्न प्राज्ञिक जर्नल, पुस्तक तथा पत्रपत्रिकामा प्रकाशित छन् । *विद्यालय शिक्षाका वित्तीय आयाम* (मार्टिन चौतारी, सन् २०२३) उनको पछिल्लो सह-सम्पादित पुस्तक हो । उनी *समाज अध्ययन* र *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* जर्नलका सम्पादक पनि हुन् । ईमेल : rameshparajuli@gmail.com

## अनुसूची १

### नेपाली साहित्यपरिषद् र नेपाली साहित्यस्रोत (मासिक पत्रिका)

साहित्यानुरागी देशभक्त दाजुभाइ दिदीबहिनीहरुले सक्दो दान प्रदान गरी मुलुकको सेवा गर्ने भारी सुयोग अगाडि आएको छ । नेपाली साहित्यको उन्नति नै नेपालको वास्तविक उन्नति हो । यो परिषद् मासिक पत्रिका खोल्नलाई सरकारबाट हामीले पाएका प्रमाणपत्र र गर्नुपर्ने नियमको नकल तल दिइन्छ ।

***श्री डाइरेक्टर जनरल अव पब्लिक इन्स्ट्रक्शन मे.ज. मृगेन्द्र शमशेर जङ्गबहादुर राणाबाट***

लक्ष्मीप्रसाद, केदारमान, हृदयचन्द्रसिंह समेत जवान ३ ले पुर्जी हेरी तपसिलका कार्यक्रमबमोजिम "नेपाली साहित्यपरिषद्" स्थापित गर्न र पत्र-पत्रिकाको चलिरहेको नियमअनुसार "साहित्यस्रोत" भन्ने मासिक पत्र प्रकाशित गर्ने भन्नेसमेत तिमीहरूले विन्ति चढाएको बेहोरा श्री ३ महाराज बुबाज्यूका हजुरमा जाहेर गर्दा हुन्छ, तपसीलका कार्यक्रम बमोजिम नेपाली साहित्य परिषद् स्थापना गर्न र "साहित्यस्रोत" भन्ने मासिक पत्र प्रकाशित गर्न दिनु भन्ने हुकुम बक्सेकाले हुकुम बक्सेबमोजिम गर्ने काम गर ।

तपसील

१. नेपाली संस्कृतिको जगमा नेपाली साहित्यलाई विश्वसाहित्यको दाँजोमा पुऱ्याउने उद्देश्य राख्ने ।

२. विशेषतः कलात्मक र सांस्कृतिक साहित्यलाई स्थान दिने । परिषद्‌बाट स्वीकृत भएमा अरू विषयका उपयोगी [?? ?? ] पनि स्थान दिने ।

३. यसको संचालनको मुख्य आधार चन्दाबाट गर्ने ।

४. निर्ब्याजी ऋणको सहायता दिनेलाई पनि स्वागत गर्ने ।

५. लेखकको रचनाको अधिकार सधैं लेखकलाई नै दिने । नेपाली साहित्यपरिषद्‌ले खालि प्रकाशनको काम गरिदिने । परिषद्‌लाई पनि जीवित राख्नपर्ने हेतुले पुस्तकको आमदानीमा सयकडा १५ शुल्क (कमीशन) लिई बाँकी आमदानी जम्मै रचयितालाई नै दिने । परिषद्‌बाट एकचोटि प्रकाशित भइसकेका पुस्तकको प्रकाशनको अधिकार सधैं परिषद्‌लाई मात्र छ । कुनै लेखक केवल एकचोटि मात्र परिषद्द्वारा प्रकाशित गराउन चाहन्छन् भने रचना उपयोगी ठहरे सैकडा ४० शुल्क (कमीशन) लिई परिषद्‌बाट प्रकाशित गरिदिने ।

६. एउटा विक्रय विभाग पनि खोल्ने । विक्रयविभागले अलग कमीशन लिने । अरू विक्रेतालाई पनि विक्रीको निम्ति दिने गर्ने ।

७. परिषद्‌को संचालन सुचारु रूप-

सित नहोउन्जेललाई सर्वोत्तम ठहरिएका पुस्तकमा एक वर्ष पद्यात्मक रचना र अर्को वर्ष गद्यात्मक रचनालाई पुरस्कार दिने। पछि परिषद्को आमदानी बढेपछि साहित्यका हरेक अंशमा हरएक सर्वोत्तम रचनालाई वर्षेनी पुरस्कार दिने।

८. कविसम्मेलन गर्ने।

९. कविसम्मेलनमा पाठ गराउने रचनाका विषय—मुक्तक, कविता, गद्यगीत, कहानी, एकांकी नाटक र निबन्ध।

१०. कविसम्मेलनमा पाठ गरिएका रचनाहरूमा परीक्षा समितिबाट सर्वोत्तम ठहरिएका हरएक अंगका एक एक रचनालाई पुरस्कार दिने।

११. उत्तम र श्रेष्ठ रचयितालाई उपाधि-वितरणको पनि व्यवस्था गर्ने।

१२. प्रत्येक महीनामा कार्यकारी परिषदमा साधारण सभा गर्ने।

१३. परिषद्को राम्रो संचालनको निमित्त जम्मा छ कार्यकारीहरू नियुक्त गर्ने।

प्रधान अध्यक्ष १, उपाध्यक्ष १, सम्मेलन सभापति १, उपसभापति १ स्वागताध्यक्ष १, कोषाध्यक्ष १।

१४. अहिले प्रारम्भिक काम भएको हुनाले अर्को वर्षदेखि मात्र स्थायी सदस्यबाट चुनाव गराएर कार्यकारीहरूको नियुक्ति गर्ने।

१५. कार्यकारीहरूको चुनाव २।२ वर्षमा गर्ने।

१६. परीक्षासमितिको स्थापना गर्ने।

१७. "साहित्यस्रोत" भन्ने मासिक पत्र निकाल्ने। परिषद् बलियो भएपछि अरू पत्र पत्रिका पनि निकाल्ने।

१८. मासिक पत्रको संचालनलाई प्रधान सम्पादक १, उपसम्पादक १, व्यवस्थापक १, नियुक्त गर्ने।

१९. परिषद्को स्तम्भ बलियो भएर संचालन राम्रो हुने भएपछि कार्यकारी हरूलाई वेतनको निर्धारण गर्ने।

२०. वर्षको मो.रू. १। चन्दा दिने लाई स्थायी सदस्य गराउने। सदस्यहुनलाई प्रवेश शुल्क मो.रू. २। लिने गर्ने

२१. सर्वसम्मतिबाट ठहरिएको ठाउमा अधिवेशन गर्ने।

२२. कविसम्मेलनमा पाठ गरिने कृतिको उत्तरदायित्व कार्यकारी परिषदले बहन गर्ने।

२३. परिषद्को निम्ति सरकारबाट कुनै घर नपाउन्जेल काम चलाउनका लागि अहिलेलाई एउटा कोठा सरकारसंग प्रार्थना गर्ने।

२४. उपर्युक्त नियमहरू मध्ये कुनै धर्म राजनीतिमा बाधा नपारीकन परिषद्को हित हुने कुराको विषयमा थप घट र परिवर्तन गर्ने अधिकार कार्यकारी परिषद्को उत्तरदायित्वमा गर्ने पछि त्यसको सूचना ने. भा. प्र. समितिमा दिने।

इति सम्वत् २००३ साल चैत्र -- गते रोज -- शुभम्।

*स्रोत :* गोरखापत्र *(२००४क : ४)।*